# प्रतिभा सम्मान कार्यक्रम–२०७९

## स्मारिका



*आयोजक*

नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप)

# प्रतिभा सम्मान कार्यक्रम–२०७९

**आयोजक**

नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप)

**भारतीय शैक्षिक संस्थान/विश्वविद्यालयबाट विभिन्न विषयमा स्वर्णपदक प्राप्त गरी आफ्नो अध्ययन पश्चात् नेपालका विविध क्षेत्रमा लामो समयदेखि सेवामा रही राष्ट्रका लागि महत्वपूर्ण योगदान पुऱ्याउनु हुने विशिष्ट व्यक्तिहरूको सम्मानमा आयोजित**

# प्रतिभा सम्मान कार्यक्रम-२०७९

शुक्रवार, १३ जेष्ठ २०७९/२७ मई २०२२

नेपाल-भारत मैत्री पशुपति धर्मशाला

तिलगङ्गा, काठमाडौं-८, नेपाल

**सम्पादन मण्डल**

डा. प्रेमराज न्यौपाने

विजयप्रसाद मिश्र

मोहन श्रेष्ठ

| | | |
|---|---|---|
| पुस्तक | : | प्रतिभा सम्मान कार्यक्रम-२०७९ |
| प्रकाशक | : | नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप) |
| | | सिनामङ्गल, काठमाडौं-०९ |
| सर्वाधिकार | : | प्रकाशकमा |
| संरक्षक | : | डा. दीपक कुमार अधिकारी |
| संयोजक | : | डा. दीपेश के.सी. |
| सम्पादन मण्डल | : | डा. प्रेमराज न्यौपाने |
| | | विजयप्रसाद मिश्र |
| | | मोहन श्रेष्ठ |
| आवरण लेआउट | : | सन्तोष आचार्य |
| कम्प्युटर टाइप | : | राजश्री मिश्र, प्रमिला भुजेल |
| संस्करण | : | प्रथम |
| वर्ष | : | २०७९ |
| प्रति | : | १००० प्रति |
| मुद्रण | : | नेपाल प्रिन्टिङ्ग सपोर्ट, अनामनगर, काठमाडौं । (०१-५७०६८२१) |

# प्रतिभा सम्मान कार्यक्रम–२०७९

## प्रमुख अतिथि

मानननीय सूचना, सञ्चार एवं प्रविधि मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्की

## विशिष्ट अतिथि

नेपाल राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारी
शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयकी सचिव श्रीमती प्रमिला शाक्य बज्राचार्य
भूमि व्यवस्था तथा सहकारी एवं गरिबी निवारण मन्त्रालयका सचिव श्री रामप्रसाद थपलिया,
स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र (SVCC) भारतीय राजदूतावास, काठमाडौंकी
निर्देशिका डा. आशावरी उदय बापट

## सम्मानित व्यक्तिहरूको संख्या

२६ जना

# सम्पादकीय

नीति अनुसन्धान प्रतिष्ठान, नेपालले "प्रतिभा सम्मान कार्यक्रम-२०७९" मार्फत् भारतका विभिन्न शैक्षिक संस्था एवं विश्वविद्यालयहरूमा स्वर्ण-पदक प्राप्त गरेका लब्धप्रतिष्ठित प्रतिभाहरूलाई हार्दिकतापूर्वक सम्मान गर्ने अवसर प्राप्त गरेको छ। यसै परीप्रेक्ष्यमा सम्मानित हुनुहुने व्यक्तिहरूको प्रचार तथा भविष्यमा आयोजक संस्थाको कार्यको ऐतिहासिक अभिलेख पुस्तकाका रूपमा रहन सकोस् भनी यसको प्रकाशन गरिएको हो।

उच्चशिक्षामा उच्चतम अङ्क प्राप्त गर्ने नेपालीहरूको अझ उत्साह बढोस् र नेपालमा काम गर्ने प्रेरणा समेत जागृत हुन सकोस् भन्ने मूल ध्येयका साथ यो कार्यक्रम आयोजना गरिएको थियो। नेपालबाट भारतमा गई त्यहीँ प्रतिस्पर्धा गरी नेपाल देशकै नाम उन्नत गर्ने व्यक्तित्वहरूको सम्मान गर्नु भनेको देशकै सम्मान हो। यसै तथ्यलाई दृष्टिगत गरी प्रतिभा सम्मान कार्यक्रममा विभिन्न विधाका सर्वाधिक अङ्क प्राप्त गर्ने प्रतिभाहरूको सम्मान गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि माननीय सूचना, सञ्चार एवं प्रविधि मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीज्यू, विशिष्ट अतिथिहरूमा नेपाल राष्ट्र बैंकका गर्भनर श्री महाप्रसाद अधिकारीज्यू, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयकी सचिव श्रीमती प्रमिला शाक्य बज्राचार्यज्यू, भूमि व्यवस्था तथा सहकारी एवं गरिबी निवारण मन्त्रालयका सचिव श्री रामप्रसाद थपलियाज्यू तथा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र (SVCC) की निर्देशिका डा. आशावरी उदय बापटज्यू लगायतका विशिष्ट तथा लब्धप्रतिष्ठित व्यक्तिहरूको उपस्थितिले संस्थाको गरिमा बढेको अनुभूति गरेका छौँ। साथै, सफलतापूर्वक यस प्रकृतिका कार्यक्रम सम्पन्न हुनाले हामीमा उत्साह, जोश र जाँगर वृद्धि भएको अनुभव साझा गर्दछौँ।

यस पटक सम्मानित हुनुभएका व्यक्तिहरूको संख्या २६ रहेको थियो। सम्मानित व्यक्तिहरू मध्येबाट ४ जनाले आफ्नो मन्तव्य समेत राख्नुभएको थियो। उक्त कार्यक्रममा प्रस्तुत सबै मन्तव्यहरूलाई यो पुस्तिकाका रूपमा प्रकाशन गरिएको छ। अतः यो पुस्तिका संग्रहणीय बनेको छ।

भविष्यमा हुने प्रतिभा सम्मान कार्यक्रममा पनि यहाँहरूको साथ एवं सहयोगको अपेक्षा गर्दछौं। कार्यक्रमात्मक प्रस्तुतीलाई अझ स्तरीय र प्रभावकारी बनाउन यहाँहरूको सल्लाह, सुझावप्रति सम्पादन मण्डल आभारी हुनेछ। नीति अनुसन्धान प्रतिष्ठान, नेपालका निर्देशक श्री दीपक कुमार अधिकारीज्यूको सारगर्भित प्रस्तावना प्रस्तुति हाम्रा लागि मननयोग्य रह्यो। प्रमुख अतिथि, विशिष्ट अतिथि महानुभावहरूको शुभकामना मन्तव्य एवं कार्यक्रम संयोजक डा. दिपेश के.सी.ज्यूको धन्यवाद मन्तव्यको प्रस्तुति समग्र कार्यक्रमको दृष्टान्त बन्न पुगेको छ।

# अनुक्रम

**वक्ताहरू**

डा. दीपक कुमार अधिकारी १
युत्सा भट्टराई ५
मदन कृष्ण शर्मा ६
केदार पौडेल ७
प्रा.डा. वैद्यनाथ महतो ८
प्रमिला शाक्य बज्राचार्य १०
रामप्रसाद थपलिया १२
डा. आशावरी उदय बापट १४
महाप्रसाद अधिकारी १६
ज्ञानेन्द्र बहादुर कार्की १९
डा. दिपेश के.सी. २१

**सम्मानित व्यक्तिहरू** २३
अनुभव चौधरी २५
अरविन्द कुमार मिश्र २७
अरूणा घिमिरे २८
आशिष गर्ग २९
प्रा. डा. ऋषिकेश वाग्ले ३०
किशोर विक्रम शाह ३१
केदार पौडेल ३२
चेतन ज्ञवाली ३३
डिल्लीराम शर्मा संग्रौला ३४
तारा केशर वाग्ले ३५
तुलसी प्रसाद सिटौला ३६
प्रा. डा. पूर्णमान शाक्य ३७
डा. पूनम नेपाल ३८
प्रत्युष झा ३९
मदन कृष्ण शर्मा ४१
मनोज प्रसाद पटेल ४२
महेश्वर प्रकाश श्रेष्ठ ४३

युत्सा भट्टराई ४४
रणजीत कुमार झा ४५
रवि शाक्य ४६
राम प्रसाद पोखरेल ४७
विशाल के.सी. ४८
प्रा. डा. वैद्यनाथ महतो ४९
सुरेश कुमार वर्मा ५०
संजय कुमार शाह ५१
संजीव दाहाल ५२

कार्यक्रमका दृश्यहरू ५३–६०

कार्यक्रम व्यवस्थापन समितिको नामावली ६१–६२

# कार्यक्रमको अवधारणा



**डा. दीपक कुमार अधिकारी**
**निर्देशक, नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप)**

प्रतिभा सम्मान कार्यक्रमका प्रमुख अतिथिज्यू, माननीय सूचना, सञ्चार एवं प्रविधि मन्त्री श्रीमान् ज्ञानेन्द्र बहादुर कार्कीज्यू, कार्यक्रमका विशिष्ट अतिथि नेपाल राष्ट्र बैंकका गर्भनर श्री महाप्रसाद अधिकारीज्यू, भूमि व्यवस्था तथा सहकारी एवं गरिबी निवारण मन्त्रालयका सचिव श्री रामप्रसाद थपलियाज्यू, (पूर्वमा शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद एवं प्रधानमन्त्री कार्यालयका सचिव), शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयकी सचिव श्रीमती प्रमिला शाक्य बज्राचार्यज्यू, स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, भारतीय राजदूतावास, काठमाडौँ (SVCC) की निर्देशिका डा. आशावरी उदय बापटज्यू, तथा अन्य मञ्चासीन विशिष्ट अतिथिज्यूहरू । आजको यस प्रतिभा सम्मान कार्यक्रममा हाम्रो निमन्त्रणा स्वीकार गरेर पाल्नुभएका सम्पूर्ण विशिष्टजन, यहाँ सम्मानित हुनुहुने व्यक्तित्वहरू सबैमा हामी आयोजकको तर्फबाट हार्दिक स्वागत एवं अभिनन्दन व्यक्त गर्दछु ।

नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप) सँग धेरैजना परिचित नै छौँ । यसले खोज, अनुसन्धान तथा नीति निमार्णका क्षेत्रमा गत सन् २०१२ देखि लगातार कार्य गर्दै आइरहेको छ । आज धेरै खुसीको कुरा छ, कि भारतका शैक्षिक संस्थान एवं विश्वविद्यालयहरूमा गएर केही आफ्नो स्व–व्यवस्थाद्वारा र केही भारत सरकारको छात्रवृत्तिद्वारा अध्ययनको क्रममा उहाँहरूले विशिष्टरूपमा स्वर्णपदक प्राप्त गर्नुभएको छ । यस्ता सम्माननीय व्यक्तिहरूलाई सम्मान गर्न पाउँदा नीति अनुसन्धान प्रतिष्ठान, नेपालको पनि उचाइ बढेको छ । यस मञ्चमा आदरणीय विशेष अतिथिहरूको उपस्थिति र सभामा केही सेवानिवृत्त त कोही वर्तमान समयमा सरकारको उच्च ओहोदामा कार्यरत व्यक्तित्वहरूको उपस्थितिले यस कार्यक्रमको गरिमालाई बढाएको छ । यहाँहरू सबैलाई म पुनः स्वागत एवं अभिनन्दन गर्दछु ।

सन् २०१७ मा भारतीय राजदूत रन्जित रेज्यूसँग हामीहरूले एउटा अनुरोध गरेका थियौँ । भारत सरकारले धेरै संख्यामा विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने गर्दछ । संख्यात्मक रूपमा छात्रवृत्ति प्राप्त गर्नेमा सबैभन्दा पहिलो नेपाल र दोस्रो अफगानिस्तान थियो । वर्तमानमा अफगानिस्तानको संख्या पाँच हजारबाट घटाइयो तर नेपालको संख्या यथावत् छ । भारत सरकारले नेपालका तीन हजार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आइरहेको छ ।

नेपाल र भारत एकअर्काका परिपूरक हुन् । वर्षमा एक पटक छात्रवृत्ति लिएर जानुभएका विद्यार्थीहरूलाई बोलाएर सम्मान गर्नुपर्छ भनेर हामी नीतिका ३५ जनाको टोली छलफल गर्न गएका थियौँ । उहाँहरूले भन्नुभयो 'यो कार्यक्रम हजुरहरूले नै गर्नसक्नुहुन्छ' । त्यसपछि हामीहरूले लगातार संवाद कार्यक्रमको शृङ्खला शुरू गर्‍यौं र सन् २०१६ देखि हामीले भारतीय राजदूत, उपप्रमुख तथा शिक्षा विभागका प्रथम सचिव एवं नेपाल सरकारका विशिष्ट अधिकारीहरूको उपस्थितिमा अलग-अलग समूहमा छुट्टा-छुट्टै ११ वटा कार्यक्रमहरू सम्पन्न गरेका थियौँ । अन्त्यमा वि.सं २०७३ साल माघ ८ गतेका दिन भव्य कार्यक्रम समारोहबीच ३२ जना



व्यक्तित्वहरूलाई सम्मान गर्ने अवसर नीतिले प्राप्त गरेको थियो। त्यसपछि लगातार सबैको सुझाव अनुसार यो कार्यक्रम केही समयको अन्तरालमा गरिरहनुपर्छ भनेर हामी पनि उत्साहित थियौँ। त्यसैले प्रत्येक वर्ष कार्यक्रम गर्ने हिसाब हामीले गरेका थियौँ तर अन्य व्यस्तताका कारण वार्षिकरूपमा कार्यक्रम गर्नु व्यवहारिक हुन पुगेन। वि.सं २०७४ सालमा चाहिँ हामीले ४० वर्षभित्रका विभिन्न विधाका ७ जना युवा प्रतिभा र उद्यमीहरूलाई सम्मान गरेका थियौं। उक्त सम्मान कार्यक्रम गोकर्णमा आयोजित तीन दिनको आवसीय **युवा ज्ञान संगम–राष्ट्र प्रथम** (Young Scholars' Summit-Nation First); –जसमा एम्.फिल. तथा पिएच.डी. गरिरहनु भएका वा गरिसक्नु भएका ४० वर्षभित्रका युवा प्रतिभाहरूको सहभागिता थियो– नामक कार्यक्रमको भव्य उद्घाटन समारोहमा सम्पन्न भएको थियो।

प्रथम प्रतिभा सम्मान कार्यक्रमको लागि हाम्रो छनोटको प्रक्रिया रेन्डम नै थियो, त्यसमा कुनै आधार थिएन। हामीले धेरै गृहकार्य गरेका थिएनौं। त्यसपछि हामीले बिस्तारै विषयगत बनाउँदै गयौं, वस्तुगत हुँदै गयौं। यसपालीको कार्यक्रमको आधारबारे चर्चा गर्ने क्रममा स्वर्णपदक प्राप्त प्रतिभाहरूलाई मात्र सम्मान गरौँ भन्ने प्रस्ताव आयो। त्यसपछि हाम्रो लगातारको संवादको क्रममा स्वर्णपदक प्राप्त प्रतिभाहरूको खोजी कार्य शुरू भयो। अन्त्यमा २३ जना निश्चिय गरेका थियौं, तर कार्यक्रमको दुई दिनअघि हामीलाई अझै प्रतिभाहरूका बारेमा थप जानकारी हुन आयो र आज २६ जना यस कार्यक्रममा सम्मानित हुनुहुँदै छ।

देशमा शिक्षा प्राप्त नगर्नेको संख्या पनि धेरै ठूलो छ। शिक्षा प्राप्त गरेका समूहले शिक्षा प्राप्त गर्न नसकेका वा शिक्षा प्राप्त गर्ने प्रयास गरिरहेका व्यक्तिहरूलाई शिक्षासँग जोड्ने भूमिका निर्वाह गर्न सक्नुपर्छ। शिक्षित वर्गको देश विकासमा धेरै ठूलो भूमिका हुन्छ। स्वर्णपदक त्यसै प्राप्त हुँदैन। त्यसका लागि धेरै मेहनत र परिश्रम गर्नुपर्दछ। भारत जस्तो त्यति ठूलो जनसंख्या भएको देशका सम्मानित तथा प्रतिष्ठित शैक्षिक संस्था तथा विश्वविद्यालय- टाटा इन्सिटीट्यूट अफ सोसियल साइन्सेस्-मुम्बई, मेडिकल कलेज, भारतीय

प्रौद्योगिकी संस्थान (आई.आई.टी.), भारतीय प्रबन्धन संस्थान (आई.आई.एम.), दिल्ली विश्वविद्यालय, पूणे विश्वविद्यालय, कृषि विश्वविद्यालय, नेशनल ल विश्वविद्यालय, बेंगलूरु आदिबाट स्वर्णपदक प्राप्त गर्नु भनेको धेरै ठूलो उपलब्धि हो ।

एक जना भैरहवामा बस्ने पंजाबी विद्यार्थीले बि.बि.ए. मा १०० प्रतिशत अङ्क प्राप्त गरेर उत्तिर्ण भएका थिए । उनलाई मैले भारतमा आई.आई.एम. मा प्रयास गर्न सुझाव दिएँ । पछि फोन गरेर मैले सोध्दा उनले भने, प्रवेश परीक्षामा ९९ अङ्क ल्याउनेले मात्र भर्ना पाए, मेरो ९२ अङ्क मात्र प्राप्त भएकोले भर्ना हुन पाइन । भारतका आई. आई. टी., आई.आई.एम.मा भर्ना गर्न पाउनु त्यति गाह्रो हुन्छ । तर आज यहाँ उपस्थित सबैजना सम्मानित हुने प्रतिभाहरू उक्त शैक्षिक संस्था एवं विश्वविद्यालयहरूबाट स्वर्णपदक प्राप्त गर्नुभएको हुनुहुन्छ । त्यसैगरी कानून विषयमा पूणे तथा नेशनल ल युनिभर्सिटी, बेंगलूरुबाट स्वर्णपदक प्राप्त गर्नुभएका श्रीमान् कुमार रेग्मीज्यू एवं डा. आनन्द मोहन भट्टराई वर्तमानमा सम्माननीय सर्वोच्च अदालतमा माननीय न्यायाधीश हुनुहुन्छ । त्यसैगरी पूणे विश्वविद्यालयबाट तीन वर्षसम्म लगातार स्वर्णपदक प्राप्त गर्ने प्रतिभाहरू पनि नेपाली नै हुनुहुन्छ । काठमाडौं विश्वविद्यालयका कानून संकायका डीन तथा पूर्वमा माननीय जिल्ला न्यायाधीश प्रा.डा. ऋषिकेश वाग्लेज्यू एवं राष्ट्रिय न्यायिक प्रतिष्ठानका उप-कार्यकारी निर्देशक, पूर्वमा माननीय उच्च अदालतका न्यायधीश श्री केदार पौडेलज्यूले पनि पूणे विश्वविद्यालय र नेशनल ल युनिभर्सिटी, बेंगलूरुबाट स्वर्णपदक प्राप्त गर्नुभएको छ ।

शिक्षामा नेपाल र भारत यी दुई देशबीचको एक अर्कामा लगानी रहेको छ । नेपालको सहयोग भारतमा र भारतको सहयोग नेपालमा रहँदै आएको छ ।

नीति अनुसन्धान प्रतिष्ठान, नेपालले के प्रयास गऱ्यो भने, राष्ट्रको कार्य बहुआयामिक हो । सबै क्षेत्रमा एउटा संस्थाले काम गर्न त सकिँदैन । अमेरिका, इङ्ग्ल्यान्ड र अष्ट्रेलिया-लगायत विश्वका धेरै शैक्षिक संस्थानहरूमा पढ्न जानुभएका नेपाली विद्यार्थीहरूमा पनि स्वर्णपदक प्राप्त भएका प्रतिभाहरू हुनुहुन्छ तर नीतिले चाहिँ एउटा क्षेत्रमा मात्र निश्चित गरौं भनेर भारतमा अध्ययन गरेर फर्कनुभएका भाइ-बहिनीहरूमा मात्रै सीमित गऱ्यो । संगठनको पनि एउटा मर्यादा हुन्छ, सीमा हुन्छ । त्यसैले हामीले धेरै विस्तार हुने विचार गरेनौं । हामीहरू श्री रत्नराज्य बज्राचार्यज्यू र श्री मदनकृष्ण शर्माज्यूलाई भेट्न गयौं । उहाँहरूले पहिला नै एक वर्षअघि सुझाव दिनुभएको थियो । तर बीचको समयमा हाम्रो कार्यक्रम कोरोनाको महामारीले गर्दा स्थगित भयो । सोही समयमा तीन जनाको स्वर्गवास भयो । अध्ययन गरेर फर्किएपछि नेपालमा इन्स्टिट्यूट अफ चार्टर्ड एकाउन्टेन्सी, नेपाल स्थापित गर्नमा उहाँहरूको महत्वपूर्ण भूमिका रहेको छ । उहाँहरू त्यस्ता व्यक्तित्वहरू हुनुहुन्छ । नेपाली लेखा व्यवसायलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउन श्री मदनकृष्ण शर्माज्यूको धेरै ठूलो भूमिका रहेको छ । न्याय एवं कानून क्षेत्रको अध्यापनमा वरिष्ठ अधिवक्ता प्राध्यापक श्री पूर्णमान शाक्यज्यू एवं पूर्व माननीय जिल्ला न्यायाधीश प्रा.डा. ऋषिकेश वाग्लेज्यू, जस्ता महान् व्यक्तित्वहरूले हामी जस्तो सानो संस्थालाई सम्मान गर्ने अवसर दिनु भनेको उहाँहरूको हृदय धेरै ठूलो भएको कारणले हो ।

शिक्षाले देशको छाप कसरी बदल्न सक्छ भनेर भारतीय दूतावासका तत्कालीन उपप्रमुख श्री विनय कुमारज्यूले सार्वजनिक कार्यक्रममा एउटा अनुभव सुनाउनुभएको थियो । भारतले पोखरण परीक्षण गर्नुभन्दा पहिला विश्वले भारतलाई हेर्ने दृष्टिकोण र पोखरण परीक्षणपछि विश्वले भारतलाई हेर्ने दृष्टिकोणमा धेरै ठूलो परिवर्तन आएको थियो भनेर सुनाउनु भएको थियो । उहाँ त्यसबेला भारतको विदेश मन्त्रालयमा रसिया हेर्नुहुन्थ्यो अरे । म पनि

यहाँ एउटा घटनाको विवरण प्रस्तुत गर्दछु। सन् १९९०-९१ को ताका भारतका प्रधानमन्त्री राजीव गान्धी थिए, त्यसबखत भारतलाई क्रायोजनिक मशिनको आवश्यकता थियो तर रसियाले त्यो क्रायोजनिक मशिन दिनबाट इन्कार गरिदियो । उहाँले आफ्नो विज्ञान तथा प्राविधिक सल्लाहकार श्री विजय पी. भाटकरलाई बोलाएर भन्नुभयो, हामीलाई रसियाले क्रायोजनिक मशिन दिन इन्कार गर्‍यो, तसर्थ के गर्ने भनेर सोध्नुभयो । त्यसपछि श्री विजय पी. भाटकरले त्यस बखत आई.आई.टी. बाट उत्तीर्ण भएका उत्कृष्ट १३२ जना प्रतिभाहरूलाई भेला गर्नुभएछ, जो केही दिनमै विदेश जान प्रवेशआज्ञा लिई तयार भई बसेका रहेछन्। उक्त भेलामा श्री विजयजीले यसरी भन्नुभएछ– "तिमीहरू सबै विदेश जान भनेर तयार भएर बसेका छौ। त्यहाँ तिमीहरूले आनन्ददायी एवं सुखमय जीवन बिताउने छौ । तिमीहरूसँग गाडी, बङ्गला, एवं पर्याप्त धन-सम्पत्ति हुनेछ। यसको अर्थ यो हो कि तिमीहरूलाई अमेरिका आवश्यक छ। तर यदि अमेरिकालाई तिमीहरूको आवश्यकता हो भने, भारतलाई पनि तिमीहरूको आवश्यकता छ" । दोस्रो दिन तिनीहरू मध्ये १२९ जनाले प्रवेशआज्ञा खारेज गरे। तिनीहरूले २४ घण्टामा २२ घण्टा प्रयोगशालामा काम गरे। अन्त्यमा सबै मिलेर सुपर कम्प्युटर उत्पादन गर्न सक्षम भए। त्यसपछि अमेरिकाको वाशिंगटन पोस्ट पत्रिकाको हेडलाइनमा यसरी समाचार छापियो–"क्रोधित भारतीयले गरेर देखाए"।

प्रत्येक नागरिकलाई म देशका लागि केही गर्छु भन्ने सकारात्मक रिस उठ्नुपर्दछ । प्रत्येक नागरिकले म देशका लागि केही गरेर देखाउछु भन्ने इख राख्नुपर्दछ। हरेक नागरिक एवं व्यक्तिको मन भित्रमा शक्ति दिने एउटा हनुमान बसेको हुन्छ। त्यो हनुमानलाई अरूले जगाई दिनुपर्दछ। तसर्थ नागरिकमा भएको देशप्रतिको यस्तो सकारात्मक भावले मात्र देशले उन्नति एवं प्रगति गर्दछ। यही शिक्षा क्षेत्रको योगदान हुनुपर्दछ। यही उद्देश्यका साथ आउने पिँढीहरूले पनि प्रेरणा प्राप्त गरून् भन्ने भावका साथ यो कार्यक्रम आयोजना गरिएको हो। स्वर्णपदक प्राप्त गरेका व्यक्ति तथा प्रतिभाहरूले राष्ट्र र समाजप्रति के योगदान दिइराख्नु भएको छ भन्ने जानकारी गराउने उद्देश्यले पनि यो प्रतिभा सम्मान कार्यक्रम आयोजना गरिएको छ। हाम्रो कार्यक्रम निर्धारित समयभन्दा १५ मिनेट ढिलो भएको छ, यसका लागि हामी सबै माफ क्षमा माग्छौं। हाम्रो निमन्त्रणालाई स्वीकार गरेर हजुरहरू सबै पाल्नुभयो। यसका लागि यहाँहरू सबैमा हार्दिक स्वागत एवं धन्यवाद व्यक्त गर्दछु।

नमस्कार।





**युत्सा भट्टराई**
उप-प्राध्यापक, नेपाल ल क्याम्पस

आजको यस प्रतिभा सम्मान कार्यक्रममा मभन्दा धेरै दिग्गज व्यक्तिहरूसँगै मलाई पनि सम्मानित हुन दिनुभएकोमा म नीति अनुसन्धान प्रतिष्ठान, नेपाललाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। मैले २०१७ देखि २०१९ सम्म Pondichery University मा South Asian Studies मा Master of Arts गरेकी हुँ।

हाल म डिल्लीबजार, काठमाडौँमा अधिवक्ताको रूपमा कार्यरत छु साथै नेपाल ल क्याम्पसमा पनि शिक्षकको रूपमा कार्यरत छु। विभिन्न भारतीय विश्वविद्यालयमा गएर आ-आफ्नो क्षेत्रमा स्वर्णपदक प्राप्त गर्दा हामी नेपाली र हाम्रो नेपालका लागि गौरवान्वित हुने मौका प्रस्तुत भएको छ जस्तो मलाई लाग्छ।

अझै पनि आ-आफ्नो क्षेत्रबाट जस्तो कि अध्यापन, न्याय, अदालत, चाटर्ड एकाउन्टेन्टस्, ब्याङ्कर्सज्यूहरू लगायतका धेरै क्षेत्रका व्यक्तित्वहरूलाई एकै पटक बुझ्ने मौका पाएको छु। नीति अनुसन्धान प्रतिष्ठान, नेपालले यस्ता प्रतिभा सम्मान कार्यक्रमहरू फेरि पनि अगाडि बढाइरहोस् भन्दै आफ्नो मन्तव्य यही टुङ्ग्याउन चाहन्छु।

धन्यवाद।





**सि. ए. मदन कृष्ण शर्मा**
चार्टर्ड अकाउन्टेन्ट, सि.एस.सि एण्ड को.

उपस्थित सज्जन महानुभावहरूमा नमस्कार छ।

सम्मानित हुनु भनेको के हो भनेर मैले अझै पनि बुझेको छैन तर पनि सम्मानित हुन पाउँदा, माला र खादा लगाउन पाउँदा र सम्मान हुन पाउँदा निकै खुसी लाग्दो रहेछ। यो अवश्य पनि हाम्रा परिवार, हाम्रा पिता-पुर्खाहरूले हामीहरूलाई सही मार्गमा लगाउनु, पढाउनु र समाजले हामीलाई प्रेरणा दिनुभएको नतिजा हो। रामप्रसाद सर सन् २००७ सालमा नै योग्य हुनु भएको रहेछ। यसरी म सन् १९८६ मा नै यस योग्य भएको हो। विदेश पढेर आएपछि आफ्नो देशमा सेवा गरेर अहिले त्यसको मान्यता पाउनु ठूलो खुसीको अवसर हो। नीति अनुसन्धान प्रतिष्ठान, नेपाललाई हामी धेरै-धेरै साधुवाद, धन्यवाद दिन चाहन्छौं। भारतमा गएर अध्ययन गर्नेहरूसँग मात्र सम्बन्धित रहेको हुनाले पनि यो कार्यक्रम विशेष छ। भारतमा अध्ययन पूरा गरेर आफ्नो देशमा आएर देश तथा समाज विकासका लागि योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई यसरी सम्मान गर्नाले आगामी पुस्तालाई पनि एउटा राम्रो प्रोत्साहन मिल्नेछ भने हामीहरूलाई पनि कहीं न कहीं यस किसिमको सम्मानले सन्तुष्टि प्रदान गर्ने नै छ।

जीवन भनेको सेवा हो। हामीले जीवनमा अझै सेवा गर्न पाऊँ। यस कार्यक्रममा सम्मानित भएर यहाँहरू समक्ष केही शब्द राख्न पाउँदा निकै खुसी लागेको छ। नीति अनुसन्धान प्रतिष्ठान, नेपाल र यहाँ उपस्थित सबैलाई धन्यवाद दिँदै मेरा भनाइ यही टुङ्ग्याउन चाहन्छु।

धन्यवाद।





## केदार पौडेल

**नायब कार्यकारी निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान**

सम्मान कार्यक्रमका प्रमुख अतिथिज्यू, नेपाल सरकारका माननीय सूचना तथा सञ्चार मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीज्यू, नेपाल राष्ट्र बैंकका गर्भनर श्री महाप्रसाद अधिकारीज्यू, यहाँ उपस्थित विशिष्ट व्यक्तित्वहरूलाई मेरो नमस्कार ।

सर्वप्रथम त यस प्रतिष्ठित कार्यक्रममा मलाई पनि आमन्त्रण गरेर मन्त्रीज्यूबाट प्रमाणपत्र, सचिवज्यूबाट माला र दोसल्ला तथा सम्मान दिनुभएकोमा म आभारी छु । यो मेरो लागि जीवनको एउटा अविस्मरणीय क्षण हुनेछ । व्यक्तिगत रूपमा म नेपाल सरकारमा लामो समयसम्म सेवामा बसेँ । न्यायाधीश भएर काम गरें । अहिले पनि राष्ट्रिय न्यायिक प्रतिष्ठानमा नायव कार्यकारी निर्देशकको रूपमा कार्यरत छु । यसरी यो बेलामा सम्मान पाउँदा मभित्र रहेको जोशलाई अझै राष्ट्र निमार्णतर्फ लगाउने उत्प्रेरणाा प्राप्त गरेको छु । त्यसको लागि म नीति अनुसन्धान प्रतिष्ठान, नेपालप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यहाँ उपस्थित सम्पूर्ण महानुभावहरू जसले हामीलाई यस सम्मान कार्यक्रममा आएर सम्मान ग्रहण गर्दाखेरी मौलिकताका साथ स्वागत गरिदिनुभयो, धेरै धेरै धन्यवाद । यसले हामीलाई थप ऊर्जा प्रदान गरेको छ । यस नीति अनुसन्धान प्रतिष्ठान, नेपालका निर्देशक श्री दीपक कुमार अधिकारीज्यूले हामीलाई खोज्नुभयो र व्यक्तिगत रूपमा सम्पर्क गर्नुभयो । उहाँका जति पनि प्रकाशित कृतिहरू र नेपाल भारत सम्बन्ध विस्तारबारे जति पनि काम भइरहेको छ, त्यसबारे जानकारी पाउँदा अझै यस प्रतिष्ठानलाई हामीबाट पनि कुनै किसिमको सहयोग चाहिएमा हामी तत्पर छौँ भन्ने विश्वास दिलाउन चाहन्छु । आयोजकहरूप्रति हार्दिक आभार व्यक्त गर्दै सम्मानित व्यक्तित्वहरूलाई बधाइ ज्ञापन गर्दै बिदा हुन चाहन्छु ।

धन्यवाद ।





**प्रा. डा. वैद्यनाथ महतो**
उपकुलपति, प्रदेश कृषि विश्वविद्यालय, सप्तरी

विशिष्ट अतिथिज्यूहरू, सम्मानित हुने सहकर्मी व्यक्तित्वहरू, मञ्चमा आसीन व्यक्तित्वहरू र यस सभामा उपस्थित सबै सज्जन महानुभावहरू, सम्मानित हुनुहुने मित्रहरू, मलाई यो सम्मान कार्यक्रम देखेर अलि गरुङ्गो लागेको छ। देशको यस्तो अवस्थामा हामीले निर्वाह गर्नुपर्ने दायित्व पूरा गर्नसक्छौं कि सक्दैनौं। अझै गरुङ्गो टोपी टाउकोमा थपिएको जस्तो लाग्छ। हाम्रा पूर्ववक्ताहरूले पनि भनिसक्नुभयो कि अर्को देशमा गएर स्वर्णपदक ल्याउनु भनेको अलि गाह्रो काम रहेछ। मैले स्नातक तहमा विश्वविद्यालय टप गर्दाखेरी त्यहाँ यो नेपाली आएर कसरी टप गर्नसक्छ भन्ने कुरा चल्यो र फेरि पनि स्नातकोत्तरमा टप गर्दा पनि यही कुरा सुनिन्थ्यो तर त्यहाँको माया देख्दा हामी सारै हौसिएका थियौं। दीपक कुमार अधिकारीज्यूले भन्नुभएको जस्तै भारतको सर्वश्रेष्ठ Institutions हरूमा हाम्रो संस्थाका सम्मानित व्यक्तिहरूले आफ्नो प्रतिभा प्रर्दशन गर्नुभयो। Indian Agriculture Research Institute (IARI) एसियाको नै सर्वश्रेष्ठमध्ये एक Institution हो। भारतका नामी युनिभर्सिटिका योग्य विद्यार्थीहरूलाई त्यहाँ गएर पढ्ने इच्छा हुन्छ। हामी जस्तो मान्छे त्यहाँ गएर टप गर्नु भनेको सारै गाह्रो काम थियो। माननीय मन्त्रीज्यू, गर्भनर सर लगायत यहाँ उपस्थित विशिष्ट व्यक्तित्वहरू सबैलाई म विनम्र अनुरोध गर्न चाहन्छु कि नेपालमा रहेका अरु विद्यमान् योग्य विद्यार्थीहरूलाई पनि आफ्नो प्रतिभा देखाउने



मौका प्रदान गरिदिनुस् । नेपालीहरूले भारतमा मात्रै होइन अमेरिका, युरोप विविध देशमा गएर नाम बनाउँदै छन्, प्रतिभा देखाएका छन् ।

मेक्सीकोमा भएको कार्यक्रममा ४० देशमध्येको शिविरमा पनि हामीले टप गरेका हौँ र लगातार पाँचवटा स्वर्णपदक ल्याएका हौँ । थुप्रै देशहरूले हामीलाई बस्नको लागि निमन्त्रणा दिए तर हामी बसेनौँ । हामी नेपाल नै फर्किने भन्यौँ । मेरी श्रीमती मसँग थिइन् तर त्यहाँ किन श्रीमती ल्याएको भन्ने प्रश्न उठ्यो । उनीहरूले जति साथ कसैले दिँदैनन् । हामी २० घण्टा काम गर्‍थ्यौँ । म त एउटा पात्र मात्रै हो । म जस्तै व्यक्तित्व यहाँ थुप्रै हुनुहुन्छ । हाम्रो देशमा प्रतिभाको कमी छैन तर उहाँहरूलाई हौसला र काम गर्ने वातावरणको आवश्यकता छ । हाम्रो सानो देश भए पनि यहाँ प्रतिभाको कुनै कमी छैन । अहिले सबै प्रतिभाहरू पलायन हुँदै गइरहेका छन् । पहिला म नेपाल कृषि अनुसन्धानको कार्यकारी निर्देशक थिएँ । त्यही संस्थाहरूले गर्दा आज हामीले करिब ६० लाख MT धान, २२ लाख MT गहुँ उत्पादन गर्न सफल छौँ । त्यहाँका वैज्ञानिक साथीहरू सारै निरूत्साहित भएको देखिन्छ ।

यो निरूत्साहितको विषय प्रायःजसो क्षेत्रमा देखिन्छ । कृषिको मात्रै होइन करिब-करिब सबै क्षेत्रको यस्तै दशा छ । यसबारे विचार गरियोस् । भनिन्छ, कुनै पनि परिवार, समाज वा देश बिगार्नु छ भने शिक्षा बिगार्नु । यदि शिक्षा बिग्रियो भने सबै थोक बिग्रिन्छ । त्यसैले शिक्षामा विशेष ध्यान दिइनुपर्छ । हाम्रो सम्माननीय भारतीय प्रधानमन्त्री मोदीजीसँग कुरा हुँदा हामीले रिसर्च टिम र प्रविधि सबै चाहियो भन्दा उहाँले जे-जे चाहिन्छ सबै लग्नुस् भन्नुभएको थियो । साँच्चै नै हामी त्यस सहयोगका लागि आभारी छौँ । म चाहन्छु यस सम्बन्धको निरन्तरता रहिरहोस् । मलाई यो मौका दिनुभएकोमा नीति अनुसन्धान प्रतिष्ठान, नेपालका निर्देशक दीपक कुमार अधिकारीज्यू लगायत सम्पूर्ण आयोजक टिम र सभामा उपस्थित सबैलाई धन्यवाद दिँदै म बिदा लिन चाहन्छु ।

धन्यवाद ।





## प्रमिला शाक्य बज्राचार्य
**सचिव, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय, नेपाल सरकार**

आजको यस कार्यक्रमका प्रमुख अतिथि माननीय मन्त्रीज्यू, डृयासमा आसीन विशिष्ट व्यक्तित्व महानुभावज्यूहरू, यस कार्यक्रमका छिमेकी राष्ट्र भारतबाट विभिन्न क्याम्पस, विश्वविद्यालयहरूबाट उच्च शिक्षा हासिल गरी स्वर्णपदक प्राप्त गर्नुहुने विशिष्ट व्यक्तित्वहरू, यहाँ उपस्थित दाजुभाइ तथा दिदीबहिनीहरू, यस नीति अनुसन्धान प्रतिष्ठान, नेपालद्वारा आयोजित यस कार्यक्रममा मलाई निमन्त्रणा दिएर केही शब्द राख्न दिनुभएकोमा मुरीमुरी धन्यवाद दिन चाहन्छु ।

सर्वप्रथम, आजको यस कार्यक्रममा सम्मानित हुनुहुने सम्पूर्ण अग्रज व्यक्तित्वहरू, वैज्ञानिक वर्ग, इन्जिनियर वर्ग, कानूनविज्ञ, तथा सम्पूर्ण सम्मानित व्यक्तित्वहरूलाई हृदयदेखि नै बधाई भन्न चाहन्छु । वास्तवमा यस्ता कार्यक्रमहरू भइराख्नु पर्छ भन्ने मलाई लागेको छ । यस किसिमको कार्यक्रमले हाम्रा नयाँ पुस्ताहरूलाई प्रोत्साहन मिल्नसक्छ । अन्य क्षेत्रका अध्ययनकर्ताहरूलाई पनि विदेशमा अध्ययन गरे पनि आफ्नै देशमा आएर सेवाको कार्य गर्नुपर्छ भन्ने राम्रो सन्देश प्रवाह हुने भएकाले पनि यस किसिमका कार्यक्रमहरूलाई हामीले प्रोत्साहन गर्नुपर्छ भन्ने मलाई लागेको छ ।



शिक्षाले नै देश र समाजको विकास गर्दछ भन्ने कुरामा दुईमत छैन। शिक्षा आफैंमा अपरिहार्य छ। यसलाई राम्रो सुधार गर्नका लागि विज्ञान तथा प्रविधि क्षेत्रमा कार्य गर्नुभएका अनुभवी व्यक्तित्वहरूको विचार यहाँ प्रस्तुत भइसकेको छ। नेपालका वैज्ञानिकहरू विभिन्न राष्ट्र, विदेशमा अध्ययन गरेर नेपालमा फर्किएर काम गरिरहनु भएको छ। यहाँहरूलाई कार्य गर्नका लागि अवसर र क्षेत्र उपलब्ध गराउनु पर्दछ। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत विज्ञान प्रविधिको कार्य योजना सरकारले ल्याएको छ। नीति आइसकेको यस अवस्था र म यहाँ आएर यससँग सम्बन्धित भएर कार्य गरेको तीन महिना भयो। नीति कतै पनि पर्याप्त छैन। नीति भएर पनि पर्याप्त छैन, हामीले यो क्षेत्रमा काम गर्ने विभिन्न वैज्ञानिकहरूलाई अझै पनि स्थान दिन सकिरहेका छैनौँ भन्ने मलाई लागेको छ। कतिपय अवस्थामा देशको लागि केही गर्छु, भन्दाभन्दै पनि स्थान उपलब्ध गराउन सकिरहेको हुँदैन। देशमा भएको ऐन-नियम, कानूनको व्यवस्थाका कारण पनि उहाँहरूलाई आवश्यक गर्नुपर्ने साथ सहयोग भनेजस्तो गरी गर्न सकिरहेको छैन। केही गर्न नसकिएको जस्तो अनुभव भइरहेको छ। यस विषयमा हामीले अझै पनि केही गर्नुपर्छ। समृद्धि भनेको विज्ञान-प्रविधिसँग नै सम्बन्धित हुने गर्दछ। अबको युग भनेको विज्ञान तथा प्रविधिको समय हो। यसलाई हामीले जति अगाडि बढाउन सक्यौं, त्यति नै छिटो देश समृद्धितर्फ उन्मुख हुनसक्छ। किनभने यसमा विश्वका विभिन्न देशका उदाहरणहरू पनि हेर्न सक्छौं। विभिन्न देशले समृद्धि हासिल गरिसकेका छन्। विज्ञान तथा प्रविधिको क्षेत्रमा विकास भएको हामीले देख्न पाएका छौं। यति भन्दै आजको यस कार्यक्रमबाट सम्मानित हुनुहुने विशिष्ट व्यक्तित्वहरूलाई धेरैधेरै बधाइ भन्दै म आफ्नो भनाइ यहीं अन्त्य गर्न चाहन्छु।

धन्यवाद!





**रामप्रसाद थपलिया**
सचिव, भूमि व्यवस्था तथा सहकारी एवं गरिबी निवारण मन्त्रालय, नेपाल सरकार

यस सम्मान कार्यक्रमका प्रमुख अतिथि माननीय सूचना तथा सञ्चार मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीज्यू, मञ्चमा आसीन आदरणीय विशिष्ट व्यक्तित्व, गर्भनर महाप्रसाद अधिकारीज्यू, सचिव प्रमिला शाक्य बज्राचार्यज्यू । यस सभाको दर्शक दीर्घामा बस्नुभएका नेपाली समाजका सबै तह र राष्ट्र सेवामा अतिथि भूमिका निभाएर आफ्नो जीवन निर्वाह गर्नुभएका आदरणीय, प्रबुद्ध, अग्रज व्यक्तित्वहरूमा मेरो हार्दिक नमस्कार । यो अवसर मलाई जुटाइदिनु भएकोमा नीति अनुसन्धान प्रतिष्ठान, नेपाल र सो प्रतिष्ठानका निर्देशक श्री दीपक कुमार अधिकारीज्यूप्रति कृतज्ञता प्रकट गर्न चाहन्छु ।

विभिन्न जिल्लामा प्रमुख जिल्ला अधिकारी हुने समयमा मेरो दीपकजीसँग परिचय भएको थियो । मैले आफू भूमि व्यवस्था मन्त्रालयमा छु त यस्तो कार्यक्रममा मलाई किन सम्झनुभयो भनेर सोचेँ तर यहाँ आफ्नो कुराहरू सेयर गर्न पाउँछु भन्ने मलाई लाग्यो । नेपाल सरकारको सचिव भएर एउटै मन्त्रालयमा काम गर्नु परेको छैन । यसमा म आफूलाई भाग्यमानी ठान्दछु । मैले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा र युवा तथा खेलकुद मन्त्रालयमा पनि बसेर नेतृत्व गर्ने मौका पाएँ । विभिन्न ८ वटा जिल्लामा प्रमुख जिल्ला अधिकारी भएर यहाँ सहभागी धेरै मित्रहरूसँग राष्ट्रसेवा गर्ने मौका पाएँ । यस हिसाबमा



यहाँहरूको अगाडि उभिन पाउँदा मलाई पनि नीति अनुसन्धान प्रतिष्ठान, नेपालले सम्मान गर्नुभएको मानेको छु। यस हिसाबमा आजको यस उत्सवपूर्ण कार्यक्रम आयोजन गर्नुभयो, यसका प्रति म आभार प्रकट गर्न चाहन्छु।

यहाँ तीन पुस्ताका महानुभावहरूलाई पुरस्कृत गरिएको मैले अनुभूति गर्रें । आदरणीय डा. साहेबले यस किसिमको माला गाँस्नु भएको छ । यस किसिमबाट उनिएको मालाद्वारा प्रतिभाहरूलाई एकै ठाउँमा उनेको छ। भोलिका दिनमा राष्ट्रसेवामा यहाँहरू अब्बल साबित हुनुहुनेछ। अघि सम्मानित हुनुहुने व्यक्तित्वहरूमा म तुलसीजीलाई सम्भिmन चाहन्छु। उहाँ मेरो Mentor, Guardian मात्र नभई उहाँले मेरो जीवनमा माथिल्लो भूमिका निर्वाह गर्नुभएको छ। अब्बल भूमिका प्रदान गर्नुभएको छ। राष्ट्रिय मात्र नभएर अन्तर्राष्ट्रिय रूपमा उहाँले ख्याती प्राप्त गर्नुभएको छ। यस किसिमका होनहार प्रतिभाका एक-से-एक धनी व्यक्तित्व उपस्थित हुनुहुन्छ। यसबाट यो प्रतिभा सम्मानको गरिमा र महत्व स्पष्ट भएको छ। भोलिका दिनमा यो मालाले राष्ट्र विकासमा र हाम्रो देशको सामाजिक र शैक्षिक क्षेत्रको उन्नयनमा थप माइलस्टोन स्थापित गर्नेछ भन्ने मैले विश्वास गरेको छु। आउँदो पुस्ता, बीचको पुस्ता र अग्रज पुस्तालाई पनि नेपालको सेवा गर्नका लागि अन्तिम साससम्म प्रोत्साहन मिलोस्। यहाँहरूको सुख, समृद्धि र परिवारको उत्तरोत्तर प्रगतिको कामना गर्दै मेरो भनाइ म यहीं टुङ्ग्याउन चाहन्छु।

धन्यवाद।





**डा. आशावरी उदय बापट**
निर्देशिका, स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, काठमाडौँ

नमो नमः। Honourable Minister Shri Gyanendra Bahadur Karkiji, Excellencies of the dais, Dignitaries for the dais of the dais, and dear students, and friends. It is a privilege to be here at the august gathering of the scholars. यहाँहरू सबैलाई मेरो नमस्कार . Once again I must mention that it is a privilege to be here amongst you all scholarly gathering. I must give thanks to Neeti Anusandhan Pratishthan, Nepal (NeNAP) generally, and Deepak Kumar Adhikariji in particular for the invitation and for organizing this event as well.

At this august gathering of scholars, I recollect some of the phrases in Sanskrit based on vidya. Some of the phrases say that विद्या विनयेन शोभते, विद्या ददाति विनयम्, सा विद्या या विमुक्तये, शीलं वृत्तफला विद्या . So all these phrases definitely mention the purpose of Vidya and it is not only to earn your source of livelihood. In the phrase शीलं वृत्तफला विद्या it is mentioned that earning a livelihood is definitely the purpose of Vidya but along with that good character should be obtained by Vidhya विद्या विनयेन सोभते, विद्या ददाति विनयम् means Vidya is beautiful and humble by nature but otherwise it is expected that Vidya should give humble nature to the person. In the phrase साविद्या या विमुक्तये; विद्ययाऽमृतमस्नुते emancipation of immortality of the soul is mentioned. By Vidya, this immortality and emancipation are achieved in the form of the elevation of the soul.

In this connection, I would like to narrate one small story. It is a story of great scholar Ayurvedacharya and Buddhist scholar Nagarjuna. When he became old he requested the king let them have a proper assistant to which the king said, 'it may be your choice, and you please select on your own and find your assistant.' So many scholars from the city gathered and after many tests, in the final round only two students were left. Now Nagarjuna was also in dilemma as to who shall I select. He asked both of them to revisit tomorrow. While departing he handed a pouch of some herbal medicines to both of them and asked them to make the medicine out of that. At the same time, he asked them to go only by Rajamarga.

The next day they both arrived. One's face was very cheerful while the other's was very pale. It was obvious that Nagarjuna would turn to the person whose face was very cheerful. The student narrated the entire theory of making the medicine out of those

herbs, its vices and virtues, the total time taken in procedure, and everything in detail. It was absolutely correct and Nagarjuna was impressed. Then he turned to the other student also and asked if anything was wrong with him. The other student handed him over the pouch and said sorry for being unable to make a medicine out of that. He said, 'please allow me to go'. Nagarjuna asked about the reason behind it. Then he replied 'Sir, yesterday when we were returning from the Rajamarga, I saw a patient in critical condition. I took him to my house and took care of him all night. In the morning he fell fast asleep. But by then, it was time for me to come here. I couldn't make the medicine. Sir please take the pouch and let me go'. Of course, the second student who couldn't make the medicine was selected by Nagarjuna. When this news came to the king, he asked Nagarjun out of curiosity why he selected the student who wasn't able to make the medicine? To which Nagarjuna replied, 'I had seen the same patient while coming through Rajamarga which is why I asked both of them to return from Rajamarga. If one can't identify the patient, how can he become a good doctor?'

This story told is related to the field of medicine. I think it is applicable to all of us. In whatever field we are or whatever knowledge we have, our mind and soul should get connected with our work. It is our responsibility to find out the subtlest mistake or subtlest fault in our field and try to overcome it. With this story, I would like to congratulate all the scholars who are honoured here.

Best wishes to all.

Thank you very much.





## सि. ए. महाप्रसाद अधिकारी, विशिष्ट अतिथि
**गर्भनर, नेपाल राष्ट्र बैंक**

धन्यवाद, कार्यक्रम सञ्चालकज्यू, कार्यक्रमका प्रमुख अतिथि माननीय सूचना तथा सञ्चार मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीज्यू, मञ्चमा आसीन आदरणीय विशिष्ट व्यक्तित्व, सचिव प्रमिला शाक्य बज्राचार्यज्यू, स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, इन्डियन एम्बेसी, आशावरी उदय बापटज्यू, यस नीति अनुसन्धान प्रतिष्ठान, नेपालका निर्देशक दीपक कुमार अधिकारीज्यू तथा मञ्चमा आसीन व्यक्तित्व र यस कायक्रमको सभाभित्र र बाहिर रहनुभएका सम्पूर्ण सम्मानित प्रतिभा सबै आदरणीय व्यक्तित्वहरू, सञ्चारकर्मी साथीहरू, आयोजक संस्था नीति अनुसन्धान प्रतिष्ठान, नेपालप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यहाँहरू माझ यस सम्मान कार्यक्रममा उभिएर सम्मानमा सहभागी हुने, केही शब्द राख्ने मौका दिनुभएकोमा आभार । अझै थप आभार त नीति अनुसन्धान प्रतिष्ठान, नेपाल जसले नेपालको नीति, विकास, संस्कृतिको सम्बन्धमा, सामाजिक विकासको क्षेत्र लगायतका अधिक क्षेत्रको विषयमा प्रकाशन गर्ने कार्य गर्दै आउनुभएको छ । सरकार तथा सम्बन्धित सरोकारवाला निकायलाई विभिन्न किसिमका ज्ञान दिने र झक्झक्याउने काम गर्दै आउनुभएको छ । संस्थाले यस किसिमको सम्मान कार्यक्रम गरेर हामीलाई थप हौसला दिनुभएको छ । यो सम्मान खासगरी भारतमा अध्ययन गरेर फर्किएका स्वर्णपदक एवं र्‍याङ्क होल्डर महानुभावहरूले प्राप्त गर्नुभएको छ । शिक्षा अर्थात् विद्या भन्ने विषय हामीले अध्ययन गर्ने, एउटा प्रमाणपत्र लिने, नेपाल आउने आ-आफ्नो ठाँउमा रहेर काम गर्ने, अर्थात् जागिर मात्र खाने विषयसँग मात्र सीमित छैन । तपाईँहरूले जे गरिरहनुभएको छ, नेपाल-भारत बीचको सम्बद्ध हाम्रो जुन खालको सम्बन्ध रहेको छ त्यसलाई गाढा बनाउने काम यस खालको क्रस बोर्डर अध्ययनले गरिरहेको हुन्छ । देश-देश बीचको सम्बन्धलाई तल्लो तहको ग्रामीण भौतिक रूपमा






व्यक्ति-व्यक्ति, जनता-जनताका बीचमा पुऱ्याउनुलाई यस्तो क्रस-बोर्डर अध्ययन शिक्षाले धेरै ठूलो मद्दत गर्दछ। यस अर्थमा पनि मलाई लाग्छ इतिहासदेखि नै नेपाली विद्यार्थीहरूलाई विभिन्न किसिमका रूड्की लगायतका छात्रावृत्ति कार्यक्रममा भारतमा अध्यापन गराउने विषयसित मात्र नभएर हामी हाम्रो सम्बन्धलाई थप गाढा बनाउने अभिप्राय पनि यो कार्यक्रमको भएको हुनुपर्छ। यस्ता कार्यक्रमहरूले सम्बन्धहरूलाई सम्झाउने गर्दछ, थप गाढा बनाउने गर्दछ। यसर्थ पनि आयोजकलाई पुनः हार्दिक धन्यवाद, आभार व्यक्त गर्दछु।

सम्पूर्ण सम्मानित व्यक्तित्वहरूलाई हार्दिक बधाइ दिन चाहन्छु। यहाँहरूले यस नीति अनुसन्धान प्रतिष्ठान, नेपालबाट सम्मान पाउनुभएको छ। मेरो विचारमा यो सम्मान निकै महत्वपूर्ण रहेको छ। कुन अर्थमा भन्दा यहाँहरूले सम्मान पाइरहँदा हामीहरूमा यहाँ उपस्थितको कुनै किसिमको चाहना, इच्छा वा विचारले आयोजकको कुनै चाखले मात्र यहाँहरू सम्मानित हुनुभएको छैन। यहाँहरूले आफू अध्ययन गरेको विश्वविद्यालय, कलेज, शैक्षिक संस्थाबाट पाएको डिग्रीलाई मात्र नभएर यहाँहरू नेपालभित्र कहाँ र कुन ठाँउमा हुनुहुन्छ भनेर खोजी-खोजी पत्ता लगाएर यहाँ सम्मान गर्नुभएको छ।

कतिपय सम्मानहरू हामीले देख्नेगर्छौ कि नाम मात्रका सम्मान हुनेगर्दछ। कतिपय सम्मानहरू लगाउन र झुण्डाउनु पनि लाज लाग्ने हुन्छ तर यहाँहरूले लगाउनुभएको माला साँच्चैको अर्थमा यहाँहरूले आर्जन गर्नुभएको ज्ञान र यहाँहरूले गर्नुभएको प्रतिस्पर्धा र प्रतिस्पर्धाबाट यहाँहरूले प्राप्त गर्नुभएको उपलब्धीको प्रमाण-पत्र हो, त्यसमा आधारित छ। यसर्थमा यहाँहरू सम्पूर्ण सम्मानित व्यक्तित्वहरूमा अभिवादन गर्न चाहन्छु। विदेशमा गएर पनि यहाँहरूले प्रतिस्पर्धाबाट विजयी भएर आउनुभएको छ। मैले पनि करिब साडे तीन वर्ष भारतमा बसेर अध्ययन गर्ने मौका पाएको थिएँ। सी.ए. अध्ययनसँग सम्बन्धित रहेको थियो। त्यहाँको प्रतिस्पर्धा आफ्नै खालको हुन्छ। ठूलो जनसंख्या भएको देशमा प्रतिस्पर्धा पनि ठूलै हुन्छ तर पनि नेपालीहरूको तीक्ष्णता भने राम्रै हुन्छ। त्यहाँ अध्ययन गर्दा यहाँहरूले प्रतिस्पर्धी क्षमता निकै लोभलाग्दो हुनेगरेको थाहा पाउछौं। त्यहाँ धेरै प्रशंसा हुनेगर्दछ। हाम्रो प्रतिस्पर्धी क्षमतालाई लिएर धेरैले लोभ गर्ने गर्दछन्। त्यहा धेरै खालको क्षमताको तीक्ष्णता

भएका व्यक्तिहरू हुने गर्दछन् । त्यस बीचमा सबै खालको प्रतिस्पर्धा पार गरेर यहाँहरू आउनुभएको छ, त्यो सबै विषयको यहाँहरूले अनुभव गर्नुभएकै हुनुपर्छ ।

भोलिका दिनमा आयोजक संस्था नीति अनुसन्धान प्रतिष्ठान, नेपालले निरन्तरता दिने नै छ । म नेपाल राष्ट्र बैंकको गर्भनरको हिसावले यहाँको नीति निर्माणमा संलग्न हुनुपर्ने व्यक्ति भएको नाताले डा. महतोज्यूले उठाउनु भएको प्रसंगमा हामीहरूसँग कयौं खालका सीमाहरू होलान्, तर पनि आफ्नो ठाँउबाट निभाउनु पर्ने जिम्मेवारी आफ्नो ठाँउबाट गर्नुपर्ने सल्लाह, सुझावका लागि मेरो तर्फबाट हार्दिक पहल गर्ने नै छु । सरकारको तर्फबाट पनि त्यही किसिमको पहल हुने नै छ । यहाँ माननीय मन्त्रीज्यू हाम्रो माझमा हुनुहुन्छ । मलाई खुसी लागेको छ, हामीले त्यस्ता व्यक्तिहरूलाई भेट्ने मौका सम्मानको सिलसिलामा पायौं । नेपालको विकासमा आँखा अस्पतालको प्रादुर्भाव, आँखा अस्पतालको शुरूवात् गर्ने व्यक्ति समेत हुनुहुँदो रहेछ । आज यहाँ हामीले सम्मान गर्नपायौं । रामप्रसाद पोखरेलज्यू, कति धेरै विधाका व्यक्तित्वहरू जुटाउनु भएको रहेछ, सरसर्ती हेर्दा आइ.क्यान. स्थापना गर्ने महत्वपूर्ण व्यक्ति यहाँ हुनुहुन्छ । त्यस्तै अनुसन्धानको सिलसिलामा खट्नुभएका कयौं त्यस्ता व्यक्तिहरू यहाँ हुनुहुन्छ । उहाँहरूको साच्चै देशको लागि योगदानको मूल्याङ्कन गर्ने हो भने, छुट्टै वास्तवमा सम्मानित प्रतिभाहरूको मात्रै पुस्तक नै बनाउन सकिन्छ । संस्थाले धेरै कृतिहरू प्रकाशन गरेको छ । यो निकै महत्वको विषय बन्नसक्छ । यस्तो महत्वपूर्ण कार्यक्रममा आयोजकले निमन्त्रणा गर्नुहुने नै छ । यहाँहरू सबैको भलो होस् । स्वस्थ रहनुहोस्, आफ्नो जिम्मेवारीमा यहाँहरूले देशको लागि सक्दो योगदान गर्न सक्नुहोस्, मेरो यही शुभकामनासहित विदा हुन्छु ।

धन्यवाद ।





## श्री ज्ञानेन्द्र बहादुर कार्की, प्रमुख अतिथि

**माननीय मन्त्री सूचना, सञ्चार एवं प्रविधि मन्त्रालय, नेपाल सरकार**

नीति अनुसन्धान प्रतिष्ठान, नेपाल प्रतिभा सम्मान कार्यक्रम-२०७९ को गरिमामय यस सभाको अध्यक्षता गरिरहनुभएका सभाध्यक्षज्यू, नीति अनुसन्धान प्रतिष्ठान नेपालका निर्देशक डा. दीपक कुमार अधिकारीज्यू, सभाका विशिष्ट अथितिज्यूहरू, यहाँ उपस्थित विशिष्ट व्यक्तिहरू, सम्मानित व्यक्तित्वहरूलाई म शुभकामना व्यक्त गर्दछु। म डा. दीपक कुमार अधिकारीज्यूलाई धन्यवाद दिन चाहन्छु। उहाँले हाम्रो मुलुकमा खासगरी भारतबाट उच्च शिक्षा हासिल गरेर उच्च शिक्षामा पनि उत्कृष्टता हासिल गर्ने प्रतिभा सम्पन्न व्यक्तित्वहरूलाई जुन सम्मान गर्ने कार्यक्रमको थालनी गर्नुभएको छ; यहाँ जसरी सम्मान गर्नुभएको छ; जुन सम्मानले हाम्रो मुलुकलाई, हाम्रो समाजलाई, एउटा सन्देश प्रवाह गरेको छ; त्यो सन्देशले हामी समृद्ध बन्ने सपनालाई साकार पार्नेछ। हाम्रो सुन्दर देश– हामीलाई प्रकृतिले यति धेरै सम्पदाहरू दिएको छ। यसलाई व्यवहारमा रूपान्तरण गरेर, अवसरका रूपमा रूपान्तरण गरेर मुलुकलाई चाँडोभन्दा चाँडो सम्पन्न मुलुकको रूपमा विकसित गर्नका निमित्त आज सम्मानित प्रतिभाहरूको धेरै ठूलो भूमिका रहनेछ भन्ने विश्वास मैले लिएको छु।

दीपकजीले मलाई समयमै हाम्रो कार्यक्रम हामी प्रारम्भ गर्छौं, तपाईं समयमा नै उपस्थित हुनुहोला भन्नुभएको थियो। समयका प्रति म पनि सजग छु। तथापि कार्यक्रममा १५ मिनेट ढिला पुगेँ त्यसका निमित्त पनि म यहाँहरूसमक्ष क्षमा याचना गर्दछु।

यस प्रकारको कार्यक्रम, यहाँ यस्ता प्रतिभाहरूलाई सम्मानित गर्नुपर्दा म आफूलाई गौरवान्वित सम्झन्छु। डा. रामप्रसाद पोखेलज्यू, युत्सा भट्टराईज्यू जस्ता प्रतिभाहरूलाई सम्मान गर्नपाउनु मेरो, हाम्रो मित्रलाई सम्मान गर्नु पाउनुलाई मैले अवसरको रूपमा लिएको छु। नेपाल र भारतबीचको सम्बन्ध केवल सरकार-सरकारको बीचमा मात्र छैन। नेपाल र भारतबीचको सम्बन्ध जनता र जनताको बीचमा रहेको छ। हामी एउटै सभ्यता, एउटै संस्कृति अवलम्बन गर्ने हामी दुई देशका नागरिक हौं। हाम्रो समृद्धिसँग भारतको सम्बन्धलाई हामीले व्यावहारिक रूपले जोड्न सक्यौं भने हाम्रो देशलाई समृद्ध बनाउने अभियानमा हामी सफल हुनसक्नेछौं। अहिले मेरो जानकारी अनुसार करिब तीन हजार नेपाली विद्यार्थीहरूलाई भारत सरकारले निरन्तर छात्रवृत्ति दिइरहेको छ। ती छात्रवृत्ति प्राप्त गर्ने, त्यहाँबाट उत्कृष्टता हासिल गर्ने, उत्कृष्टता हासिल गरेर आउने प्रतिभाहरू हाम्रै देशमा हुनुहुन्छ। यो हाम्रो देश र हाम्रा लागि गौरव र मुलुकका लागि अवसरको विषय पनि हो। यो अवसरलाई अब हामीले व्यवहारमा परिणत गरेर देखाउनु पर्नेछ। यहाँ म लामो चर्चा-परिचर्चा गर्न चाहन्न। म तपाईंहरूको अमूल्य समय भाषण गरेर लिन चाहन्न। हाम्रो एउटै आकांक्षा छ, हामी राष्ट्रिय एकतालाई सुदृढ गर्न चाहन्छौं। हामी हाम्रो मुलुकको आन्तरिक एकतालाई सुदृढ गर्न चाहन्छौं। हाम्रो एउटै लक्ष्य छ, हामी तराई, पहाड र हिमाल जहाँ बस्ने भए पनि सबै नेपालीको मुहारमा खुसी देख्न चाहन्छौं।




नेपालका सबै ठाँउहरूको विकास गरेर समृद्ध नेपाल बनाउन चाहन्छौँ । हरेक नेपाली जुनसुकै जातको होस्, जुनसुकै भाषाको होस्, जुनसुकै लिङ्गको होस्, तिनीहरूको उत्थानका निमित्त तिनीहरूको समृद्धिको निमित्त हामी सबैलाई सबल बनाउन एक मतका साथ हामी अगाडि बढ्नुको हामीसँग अब कुनै विकल्प छैन । यहाँहरू सामु आग्रह गर्न चाहन्छु जो आज सम्मानित प्रतिभाहरू हुनुहुन्छ उहाँहरूले छोटो समयमा जुन किसिमको भावना अभिव्यक्त गर्नुभयो, उक्त भावनालाई सरकारको तर्फबाट सरकारको एउटा मन्त्रीको हैसियतले त्यो भावनालाई उच्च सम्मान गर्दछु । सरकार तपाईंहरू सबैको साथमा रहने कुराको विश्वास पनि दिलाउन चाहन्छु । हामीसँग धेरै कम समय बाँकी छ । अब हाम्रो आउने पुस्तालाई कम से कम दक्षिण एसियाको समृद्ध पुस्ताको रूपमा, धनी पुस्ताको रूपमा देख्न हामीले दश वर्षभित्रमा देशलाई समृद्ध बनाउन सक्नुपर्दछ । हामी जुनसुकै क्षेत्रमा कार्यरत भए पनि त्यस लक्ष्यका साथ हामी अगाडी बढौँ । दश वर्षमा हाम्रो देशलाई हामीले भाषणमा होइन, दस्तावेजमा होइन, हामीले व्यवहारमा धनी देशहरूमा हाम्रो मुलुकलाई चिनाउन सकौँ । त्यस दिशामा हामी अग्रसर हौँ । यिनै शुभकामनाहरू यहाँहरू-समक्ष व्यक्त गर्दै आज सम्मानित व्यक्तिहरूलाई फेरि पनि हृदयदेखि सम्मान व्यक्त गर्न चाहन्छु । तपाईंहरूको सफलताको शुभकामना व्यक्त गर्दै, तपाईंहरू एउटा मैनबत्तिले सयौं मैनबत्ती बालेर समाजमा प्रकाश दिनसक्नुहोस्, समाजको अन्धकारलाई हटाउन सक्नुहोस् । त्यस्तै गरेर तपाईंहरूको जुन प्रतिभा छ, तपाईंहरूसँग जुन क्षमता छ, यो क्षमताले हाम्रो समाजलाई अगाडि बढाउनका निमित्त महत्वपूर्ण योगदान गर्नेछ भन्ने विश्वास मैले लिएको छु । यस नीति अनुसन्धान प्रतिष्ठान, नेपालले अगामी दिनमा यो कार्यक्रमलाई अझ प्रभावकारी बनाउँदै समाजलाई उल्लेख्य योगदान गर्नसकोस्, दीपक कुमार अधिकारीजी, आयोजक मित्रहरूले मलाई यो अवसर दिनुभयो, म एउटा सामान्य मान्छे एउटा राजनीतिकर्मीले तपाईंहरू जस्तो व्यक्तित्वहरूलाई सम्मानित गर्ने जुन अवसर पाएँ, त्यसका निमित्त म आफूलाई गौरवशाली ठान्दछु । यहाँहरूको प्रतिभा यो मुलुकको समुन्नतिका निमित्त रहनेछ भन्ने विश्वासका साथ मेरा भनाइ अन्त्य गर्न चाहन्छु ।

धन्यवाद, जय नेपाल ।



**डा. दीपेश के. सी.**
**कार्यक्रम संयोजक**

नमस्कार । यस कार्यक्रमका प्रमुख अतिथि माननीय सूचना तथा सञ्चार मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीज्यू, नेपाल राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारीज्यू, नेपाल सरकारका सचिव रामप्रसाद थपलियाज्यू, नेपाल सरकारका सचिव प्रमिला शाक्य बज्राचार्यज्यू, स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका निर्देशिका आशावरी उदय बापटज्यू, नीति अनुसन्धान प्रतिष्ठान, नेपालका निर्देशक दीपक कुमार अधिकारीज्यू, यहाँहरूले यस गरिमामय कार्यक्रमको गरिमा बढाइदिनु भएकोमा हामी नीति अनुसन्धान प्रतिष्ठान, नेपालको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

कार्यक्रममा यति लामो समयसम्म यहाँहरू धैर्य गरेर बसिदिनु भएकोमा पनि धेरै-धेरै धन्यवाद दिन चाहन्छौं । यस कार्यक्रमको सबैभन्दा मुख्य शोभा हाम्रो सम्मानित व्यक्तित्वहरू जसलाई हामीले सम्मान गर्नपायौं, यसमा हामी गौरवान्वित भएका छौं । यस कार्यमा सम्मानित सबै जनालाई बधाइ तथा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । हाम्रो यो भूमि ऋषिभूमि, तपोभूमि, तपस्वीहरूको भूमि हो । यो विद्वानूहरूको भूमि पनि हो । हामीले सातौं शताब्दीको इतिहास हेर्‍यौं भने, हाम्रो यो भूमिमा अंशुवर्माले कैलाशकुट पर्वतमा जहिले पनि विद्वानूहरूको सभा गर्ने गर्नुहुन्थ्यो । विद्वानूहरूको सभाबाट आएको नीति निर्देशबाट नै राज्य सञ्चालन गर्ने गर्नुहुन्थ्यो । त्यो सातौं शताब्दीमा नेपाल इतिहासमा सबैभन्दा समृद्ध थियो । जहाँ विद्वान्हरूको सम्मान हुन्छ, जहाँ विद्वान्हरूको कुरा सुनिन्छ, त्यो विद्वानूहरूको कुरा सुन्ने देश नै समृद्ध हुन्छ भन्ने कुरा हाम्रै देशबाट प्रमाणित हुन्छ । १४औं शताब्दीमा जयस्थिति मल्ल राजाले जहिले पनि विद्वानूहरूको सभा गर्ने गर्नुहुन्थ्यो । विद्वान्को उक्त सभाबाट निष्कर्ष निकालेर आफ्नो राज्य सञ्चालन गर्ने गर्नुहुन्थ्यो । जयस्थिति मल्लको कालखण्डमा पनि नेपाल समृद्ध, सभ्य मुलुक थियो । विदेशमा पनि नेपालको गरिमा स्थापित थियो ।

हाम्रो इतिहासले हामीलाई धेरै कुरा सिकाएको छ । हामी धेरै टाढा जानु आवश्यक छैन । हामीले हीरालाई खोज्न धेरै दुःख मेहनत गर्नुपर्छ, त्यस्तै नीति अनुसन्धान प्रतिष्ठान, नेपालले पनि देशका हीराहरूलाई खोज्ने प्रयास गरेको छ । ती हीराहरूलाई चिन्नसक्नु पर्दछ । रातमा पनि चिन्न सकिन्छ । त्यसलाई चिनेर सही ठाँउमा सदुपयोग गर्नुपर्दछ भन्ने हाम्रो मान्यता हो । यस विषयमा हामीले अध्ययन अनुसन्धान पनि गर्दै आइरहेका छौं । म आफै पनि भारतमा पढेर आएको विद्यार्थी हुँ । मैले आफ्नो नजिक धेरै ठूलो बौद्धिक विद्वानूहरू देखेको छु । दिनमा २० घण्टा खटेर काम गर्ने साथीहरू पनि देखेको छु । उनीहरू आज विभिन्न देशमा अनुसन्धानकर्ता भएर विभिन्न उपाधिहरू प्राप्त गरेर बसिरहेका छन् । उनीहरूलाई राज्यले के गर्ने ? उनीहरू अहिले पनि राज्यका लागि योगदान गरिरहेका छन् । कतिपयले क्यान्सरको अनुसन्धान गरिरहेका छन् । कतिपयले अनेकौं विधामा अनुसन्धान कार्य गरिरहेका छन् । हाम्रो नेपालमा हुर्केर पढेर बाहिर गएर पनि नेपालका लागि योगदान गरिरहेका छन् ।



अन्त्यमा, शिक्षाको बारेमा भन्नुपर्दा, रूसोले इमाम भन्ने पुस्तक सन् १७६२ मा लेख्नुहुँदा उक्त पुस्तकलाई जलाइएको थियो । त्यो पुस्तकमा भनिएको थियो, एउटा बच्चाले जस्तो शिक्षा पाउँछ, त्यस्तै हुन्छ । बच्चाले जस्तो शिक्षा आर्जन गर्छ त्यस्तै हुन्छ र भोलिका दिनमा त्यसले त्यसैअनुरूपको समाज निमार्ण गर्ने गर्दछ । त्यसो भएको हुनाले हाम्रा बालबच्चालाई कस्तो बनाउने भन्ने कुरा हाम्रो शिक्षाले निर्धारण गर्ने गर्दछ । हामीपछिको पुस्ताले हामीले जस्तो शिक्षा दिन्छौं त्यस्तै समाज बनाउने हो । त्यसैले हामीले कस्तो शिक्षा दिइरहेका छौं, हामीले हाम्रो समाज कस्तो बनाउने भन्नेमा हामीमाथि नै भर पर्दछ । हामी शस्त्रको अभावले नभई शास्त्रको अभावले पराजित छौं । हामी अब पराजित हुँदैनौं, हामीसँग शास्त्र छ । हामीसँग शास्त्र पढेका विद्वान्हरू हुनुहुन्छ । उहाँहरूले अब देश बनाउँनु हुन्छ । हाम्रो राज्य सञ्चालन गर्ने निकायमा बस्नुभएकाहरूले पनि हालसालै विश्वविद्यालयले अनुसन्धान गरेका विषयहरूलाई आफ्नो नीति-नियम बनाएर कार्यान्वयन गर्दै कार्यक्रमलाई लागू गर्नुहोस्, यति गऱ्यौं भने हाम्रो देश बन्छ । हेर्दा सानो भएपनि यहाँ सबैथोक रहेको छ । हाम्रो देशलाई बनाउन त्यति धेरै गाह्रो पनि छैन । हाम्रो नयाँ पुस्ताले वा पुरानो पुस्ताले, अब आउने पुस्ताले हामी काम गर्छौं, हामीलाई काम दिनुहोस् भनिरहेका छन् । नेतृत्वले यति भाग्यमानी जनता पाउनुभएको छ । तपाईँहरूले यति भाग्यमानी जनता पाउनुभएको छ, जसले काम गर्छु भनिरहेको छ । तपाईँहरूले हामीलाई काम दिनुहोस्, हामीहरू काम गरेर देखाउँछौं ।

धन्यवाद ।

# प्रतिभा सम्मान कार्यक्रम-२०७९

शुक्रवार, १३ जेष्ठ २०७९ / २७ मई २०२२

काठमाडौं, नेपाल

## सम्मानित व्यक्तिहरू





**नाम, थर** : **अनुभव चौधरी**

**ठेगाना**

स्थायी : जनकपुरधाम-११, धनुषा

अस्थायी : ललितपुर, वाग्मती प्रदेश, नेपाल

## कार्यरत संस्था

**नाम** : बबई भादा औरही नदी व्यवस्थापन आयोजना जलस्रोत तथा सिंचाई विभाग

**पद** : आयोजना प्रमुख

**ठेगाना** : गुलरिया, बर्दिया, लुम्बिनी प्रदेश, नेपाल

## भारतमा अध्ययन गरेको विवरण

**शैक्षिक संस्थान** : Indian Institute of Technology, Roorkee, Uttarakhand

**तह** : Master of Technology in Water Resources Development

**पूरा गरेको वर्ष** : सन् २०१३



## प्राप्त पुरस्कार र सम्मान

- Dr. A.N. Khosla Medal for obtaining the highest CGPA in the Master of Technology courses in various specializations in WRD
- Dr. P.S. Nigam-Nirmala cash prize for the best project in the Master of Technology (Water Resources Development) Course

## विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

Under Department of Water Resources and Irrigation, Government of Nepal:

- Worked as an Irrigation Engineer in Babai Irrigation Project, Bardiya, a National Pride Project and in Hill Irrigation Projects (Dhading, Sindhuli)
- Worked as Senior Divisional Engineer in National Pride Projects (Sikta Irrigation Project, Banke and Rani Jamara Kulariya Irrigation Project, Kailali)

## प्रकाशनहरू

- Integrated water resource management to address the growing demand for food and water in South Asia by: KC Birendra, Ian McIndoe, Bart Schultz, Krishna Prasad, John Bright, Andrew Dark, Vishnu Prasad Pandey, Anubhav Chaudhary, Prithbi Man Thapa, Rohan Perera, Dillee Ram Dangi in Irrigation and Drainage Journal, Wiley 2021
- Evaluation of the Soil Conservation Service curve number methodology using data from agricultural plots by: Mohan Lal, S.K. Mishra, Ashish Pandey, R.P. Pandey, P.K. Meena, Anubhav Chaudhary, Ranjit Kumar Jha, Ajit Kumar Shrestha, Yogendra Kumar in Hydrogeology Journal, Springer 2016
- Experimental Verification of the Effect of Slope and Land Use on SCS Runoff Curve Number by: S.K. Mishra, Anubhav Chaudhary, Raj Kaji Shrestha, Ashish Pandey, Mohan Lal in Water Resources Management Journal, Springer 2014
- Experimental Verification of SCS Runoff Curve Numbers for selected soils and land use by: Anubhav Chaudhary, S.K. Mishra, Ashish Pandey in Indian Water Resources Society 2013



**नाम, थर** : अरविन्द कुमार मिश्र

**ठेगाना**

स्थायी : सप्तरी, नेपाल

## कार्यरत संस्था

स्वतन्त्र उद्यमी

## भारतमा अध्ययन गरेको विवरण

**विश्वविद्यालयको नाम** : रूड्कि विश्वविद्यालय, उत्तराखण्ड

**तह** : Master of Engineering in Power System

**पूरा गरेको वर्ष** : सन् १९९७

## विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- माननीय सदस्य, राष्ट्रिय योजना आयोग, नेपाल
- प्राध्यापक, इन्जिनियरिङ्ग अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय
- क्याम्पस प्रमुख, पुल्चोक क्याम्पस, त्रिभुवन विश्वविद्यालय





**नाम, थर** : अरुणा घिमिरे

**ठेगाना**

स्थायी : गौर-५, रौतहट

ठेगाना : गोठाटार, काठमाडौं

## कार्यरत संस्था

**नाम** : सोसियल साईन्स बहा:

**पद** : सह-अनुसन्धानकर्ता

**ठेगाना** : बत्तीसपुतली, काठमाडौं

## भारतमा अध्ययन गरेको विवरण

**विश्वविद्यालयको नाम** : Pondicherry University, Union of Territory of Puducherry, India

**तह** : Master of Arts in South Asian Studies

**पूरा गरेको वर्ष** : सन् २०१७





**नाम, थर** : आशिष गार्ग
**ठेगाना**
स्थायी : बबरमहल, काठमाडौं

## कार्यरत संस्था

**नाम** : Garg & Co., Chartered Accountant
**पद** : Proprietor
**ठेगाना** : 30 Danfe Marg, Babarmahal, Kathmandu

## भारतमा अध्ययन गरेको विवरण

**शैक्षिक संस्थान** : The Institute of Chartered Accountants of India
**तह** : Chartered Accountancy (CA)
**पुरा गरेको वर्ष** : सन् २००२
**शैक्षिक संस्थान** : The Institute of Chartered Accountants of India, New Delhi
**तह** : Diploma in Information System Audit (DISA)
**पूरा गरेको वर्ष** : सन् २००६

## विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- Vice President, Independent Power Producers Association Nepal (Hydro-power Sector Development Work for last 15 Years in Nepal)
- National Council Member and Head of Infrastructure Committee, Confederation of Nepalese Industries CNI
- Managing Director, Nepal Power Exchange Limited (Power Trading Public Company to Promote Domestic and India/Nepal Power Trade)





**नाम, थर** : प्रा.डा. ऋषिकेश वाग्ले

**ठेगाना**

स्थायी : म्याग्दे गाउँपालिका-७, तनहुँ

अस्थायी : टोखा, काठमाडौं

## कार्यरत संस्था

| | |
|---|---|
| **नाम** | : काठमाडौ विश्वविद्यालय, कानून संकाय |
| **पद** | : डिन |
| **ठेगाना** | : धुलिखेल, काभ्रेपलाञ्चोक |

## भारतमा अध्ययन गरेको विवरण

| | |
|---|---|
| **विश्वविद्यालयको नाम** | : सावित्रीबाई फूले पूणे विश्वविद्यालय, पूणे, भारत |
| **तह** | : स्नातकोत्तर-कानून |
| **पूरा गरेको वर्ष** | : सन् १९९९ |

## विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- प्राध्यापक र डिन, काठमाडौं विश्वविद्यालय
- जिल्ला न्यायाधीश (१० वर्ष)
- सरकारी वकिल (१६ वर्ष)





**नाम, थर** : किशोर विक्रम शाह

**ठेगाना**

स्थायी : जोरायाल-५, गडसेरा, चौकी, डोटी

अस्थायी : कीर्तिपुर-७, काठमाडौं

## कार्यरत संस्था

| | |
|---|---|
| **नाम** | : सोसल साईन्स बहाः |
| **पद** | : वरिष्ठ सह-अनुसन्धानकर्ता |
| **ठेगाना** | : बत्तीसपुतली, काठमाडौं-९ |

## भारतमा अध्ययन गरेको विवरण

| | |
|---|---|
| **विश्वविद्यालयको नाम** | : Pondicherry University, R.V. Nagar, Kalapet, Puducherry |
| **तह** | : Master of Arts in South Asian Studies |
| **पूरा गरेको वर्ष** | : सन् २०१६ |

## विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- वरिष्ठ सह-अनुसन्धानकर्ता/सह-अनुसन्धानकर्ता; सोसल साईन्स बहाः, बत्तीसपुतली, काठमाडौं-९ (मार्च, २०१७ देखि हालसम्म)
- Research Intern, Campaignfor Change Nepal (CCN), Kathmandu (July-September, 2013)
- Volunteer, Friends for Needy Children (FNC), Dhangadhi, Kailali (January-February, 2009)





**नाम, थर** : केदार पौडेल

**ठेगाना**

स्थायी : अनामनगर, काठमाडौं

## कार्यरत संस्था

**नाम** : राष्ट्रिय न्यायिक प्रतिष्ठान

**पद** : नायव कार्यकारी निर्देशक

**ठेगाना** : मनमैजू, काठमाडौं

## भारतमा अध्ययन गरेको विवरण

**विश्वविद्यालयको नाम** : सावित्रीबाई फूले पूणे विश्वविद्यालय, पूणे, भारत

**तह** : स्नातकोत्तर-कानून संकाय

**पूरा गरेको वर्ष** : सन् १९९७

## विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- सहसचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय
- सहसचिव, प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय
- न्यायाधीश, उच्च अदालत





**नाम, थर** : चेतन रावाली

**ठेगाना**

स्थायी : रूरूक्षेत्र गाउँपालिका-५, गुल्मी

अस्थायी : बुढानीलकण्ठ, काठमाडौं

### कार्यरत संस्था

**नाम** : नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, धनुषा

**पद** : वैज्ञानिक (एस-१)

**ठेगाना** : लक्ष्मीनिया गाउँपालिका-५, हर्दिनाथ, धनुषा

### भारतमा अध्ययन गरेको विवरण

**विश्वविद्यालयको नाम** : चौधरी चरण सिंह हरियाणा कृषि विश्वविद्यालय, हिसार, हरियाणा, भारत

**तह** : Master of Science (Agriculture)

**पूरा गरेको वर्ष** : सन् २०१६

### विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- Assistant Research Associate in International Maize and Wheat Improvement Centre (CIMMYT)
- Soil Scientist (S-1) in National Rice Research Program under Nepal Agricultural Research Council (NARC)





**नाम, थर** : डिल्लीराम शर्मा संग्रौला

**ठेगाना**

स्थायी : कमल गाउँपालिका-६, झापा

अस्थायी : बल्खु, काठमाडौं-१४

**कार्यरत संस्था**

**नाम** : पद्मकन्या क्याम्पस

**पद** : उप-प्राध्यापक

**ठेगाना** : बागबजार, काठमाडौं

**भारतमा अध्ययन गरेको विवरण**

(क) **विश्वविद्यालयको नाम** : मणिपुर विश्वविद्यालय, काञ्चीपुर, ईम्फाल, मणिपुर

**तह** : स्नातकोत्तर (हिन्दी), सन् १९९७

(ख) **शैक्षिक संस्थान** : केन्द्रीय हिन्दी संस्थान, आगरा, भारत

**तह** : स्नातकोत्तर-हिन्दी शिक्षण निष्णात, सन् २००२

**लेखन, प्रकाशन एवं प्रस्तुती**

- हिन्दी परिषद्, मणिपुरबाट प्रकाशन हुने काव्य संकलन (सामूहिक)
- विभिन्न जर्नलहरूमा अनुसन्धानमूलक लेख एवं विभिन्न पत्र-पत्रिकाहरूमा कहानी, कविता एवं लेख
- अभ्युत्थान, द पब्लिक आदि हिन्दी मासिक पत्रिकाहरूमा भाषा सम्पादक

**प्राप्त पुरस्कार र सम्मान**

- स्नातकोत्तर (एम.ए) प्रथम श्रेणी, प्रथम स्थान, मणिपुरका सम्माननीय राज्यपालबाट स्वर्ण पदक प्राप्त
- नागरी प्रचारिणी सभा, आगराद्वारा अहिन्दी भाषी क्षेत्रमा हिन्दी प्रचार एवं प्रसारका लागि सम्मानित
- केन्द्रीय हिन्दी संस्थान, आगराद्वारा विविध साहित्यिक विधाहरू जस्तै कविता, निबन्ध, कहानी आदिमा प्रमाण पत्र एवं पुरस्कारद्वारा सम्मानित





**नाम, थर** : तारा केशर वाग्ले

**ठेगाना**

स्थायी : डुङ्गेश्वर गाउँपालिका-६, दैलेख

अस्थायी : वीरेन्द्रनगर, सुर्खेत

## कार्यरत संस्था

**नाम** : खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय, कर्णाली प्रदेश

**पद** : इन्जिनियर

**ठेगाना** : वीरेन्द्रनगर, सुर्खेत

## भारतमा अध्ययन गरेको विवरण

**शैक्षिक संस्थान** : Indian Institute of Technology- Roorkee (IIT-Roorkee), Uttarakhand

**तह** : Master of Technology in Water Resources Development (WRD)

**पूरा गरेको वर्ष** : सन् २०२१

## विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- सडक विभाग अन्तर्गत २०७० देखि २०७२ सम्म सुदूरपश्चिम डिभिजन सडक कार्यालय डोटीमा रही डडेलधुरा, डोटी, अछाम तथा बाजुरा अन्तर्गत पर्ने विभिन्न सडक निर्माण कार्यमा संलग्न
- सिँचाइ विभाग अन्तर्गत २०७२ देखि २०७४ सम्म सिंचाइ डिभिजन दैलेखमा रही जिल्ला अन्तर्गत विभिन्न सिँचाइ आयोजनामा कार्य गरेको
- कर्णाली प्रदेश सरकार अन्तर्गत रही भौतिक पूर्वाधार विकास मन्त्रालय, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय तथा खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालयमा रही २०७५ देखि हालसम्म विभिन्त्र क्षेत्रमा कार्यरत





**नाम, थर** : तुलसी प्रसाद सिटौला
**ठेगाना**
स्थायी : नुवाकोट, नेपाल

## कार्यरत संस्था

| | |
|---|---|
| नाम | : IMC Worldwide |
| पद | : Technical Specialist |
| ठेगाना | : Washington DC |

## भारतमा अध्ययन गरेको विवरण

| | |
|---|---|
| **शैक्षिक संस्थान** | : Indian Institute of Technology, New Delhi |
| **तह** | : Master of Technology in Construction Management |
| **पूरा गरेको वर्ष** | : सन् १९९६ |

## विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- National Coordinator, Office of the Millennium Challenge Corporation Nepal (MCC)
- Secretary, Ministry of Physical Infrastructure and Transport
- Director General, Department of Roads





**नाम, थर** : प्रा.डा. पूर्ण मान शाक्य
**ठेगाना**
स्थायी : नटोल, ललितपुर–२०

## कार्यरत संस्था

**नाम** : त्रिभुवन विश्वविद्यालय
**पद** : प्राध्यापक (कानून संकाय)
**ठेगाना** : प्रदर्शनी मार्ग, भृकुटीमण्डप, काठमाडौं, नेपाल

## भारतमा अध्ययन गरेको विवरण

**विश्वविद्यालयको नाम** : दिल्ली विश्वविद्यालय, नयाँ दिल्ली
**तह** : स्नातकोत्तर-कानून विषय
**पूरा गरेको वर्ष** : सन् १९८५

## विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- शिक्षण
- कानून व्यवसायी





**नाम, थर** : डा. पूनम नेपाल

**ठेगाना**

स्थायी : भक्तपुर, नेपाल

## कार्यरत संस्था

नाम : वाग्मती प्रदेश स्वास्थ्य मन्त्रालय अन्तर्गत जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र

पद : आयुर्वेद चिकित्सक (आठौं)

ठेगाना : चरिकोट, दोलखा

## भारतमा अध्ययन गरेको विवरण

**विश्वविद्यालयको नाम** : राजीव गान्धी स्वास्थ्य विज्ञान विश्वविद्यालय, बेंगलूरु

**तह** : स्नातकोत्तर (MD Ayurveda)

**पूरा गरेको वर्ष** : सन् २०२०

## विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- आयुर्वेद चिकित्सक (आठौं), वाग्मती प्रदेश स्वास्थ्य मन्त्रालय अन्तर्गत जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र
- आयुर्वेद चिकित्सक (आठौं), जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङ्ग
- आयुर्वेद चिकित्सक (आठौं), आयुर्वेद अस्पताल, नेपाल स्वास्थ्य मन्त्रालय, सिंहदरबार, काठमाडौं
- आयुर्वेद चिकित्सक (आठौं), जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पर्वत





**नाम, थर** : प्रत्युष झा

**ठेगाना**

स्थायी : अगलेश्वरा, औरही-९, महोत्तरी

अस्थायी : चाबहिल, काठमाडौं

### कार्यरत संस्था

**नाम** : Dynamic Solutions Pvt. Ltd.

**पद** : Bridge Design Engineer

**ठेगाना** : सिनामंगल, काठमाडौँ महानगरपालिका-९, वाग्मती, नेपाल

### भारतमा अध्ययन गरेको विवरण

**(क) स्नातक**

**विश्वविद्यालयको नाम** : Jawaharlal Nehru Technological University, Hyderabad

**तह** : Bachelor of Technology in Civil Engineering

**पूरा गरेको वर्ष** : सन् २०१५

**(ख) स्नातकोत्तर**

**शैक्षिक संस्थान** : Indian Institute of Technology–Roorkee (IIT) Roorkee, Uttarakhand

**तह** : Masters of Technology in Earthquake Engineering

**पूरा गरेको वर्ष** : सन् २०१७



## विभिन्न क्षेत्रमा गरिएका सेवाको विवरण

- Bridge Design Engineer, Local Roads Bridge Program, Swiss Development Cooperation, 2019-2020
- National Structural Earthquake Engineer – Individual Consultant, UNDP Nepal 2018-2022

## लेखन, प्रकाशन एवं प्रस्तुती

- Failure Investigation of Under Construction Prestressed Concrete Bridge in Chitwan, Nepal, MDPI Infrastructures 7(2), 14
- Structure Condition Assessment and Retrofitting of Shital Niwas Building (Presidential Palace), Progress in Disaster Science, Elsevier
- Windstorm Vulnerability of Residential Buildings and Infrastructures in South-Central Nepal, Journal of Wind Engineering and Industrial Aerodynamics, 2020
- Seismic Strengthening of the Bagh Durbar Heritage Building in Kathmandu Following the Gorkha Earthquake Sequence, MDPI Buildings, 2019
- Bridging Multi-Hazard Vulnerability and Sustainability: Approaches and Applications to Nepali Highway Bridges, Resilient Structures and Infrastructures, Springer, 2019

## प्राप्त पुरस्कार र सम्मान

- Gold Medal at IIT Roorkee for graduating with highest GPA in Earthquake Department,2017
- DAAD Scholarship at TU Munich in Germany, 2016-17
- MHRD Scholarship at IIT Roorkee, 2015-17
- College day award at JNTU Kakinada for highest aggregate marks in all structural engineering subjects, 2015
- Gold medal from Budhanilkantha School for graduating with highest grades in A-level, 2010
- Gold medal in Grade 12 mathematics from University of New South Wales Australia, 2009



**नाम, थर** : सि.ए. मदन कृष्ण शर्मा

**ठेगाना**

स्थायी : बालुवाटार, काठमाडौं

## कार्यरत संस्था

**नाम** : CSC & Co., Chartered Accountants

**पद** : Senior Partner

**ठेगाना** : महामती भवन–१७५ गैह्रीधारा मार्ग, गैह्रीधारा, काठमाडौं-१

## भारतमा अध्ययन गरेको विवरण

**शैक्षिक संस्थान** : The Institute of Chartered Accountants of India (ICAI), कफ परेड, मुम्बई

**तह** : चार्टर एकाउन्टेन्सी

**पूरा गरेको वर्ष** : सन् १९८६

## विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- President, The Institute of Chartered Accountants of Nepal. (July 2020 to September 2021)
- President, Accounting Standards Board of Nepal (July 2006 to July 2009)
- President, Shree Krishna Pranami Sewa Samiti Nepal (March 2012 to June 2018)
- Patron, Navajeevan Parapokar Samaj, Nepal, Since establishment
- Executive Committee Member, Transparency International Nepal (Jan. 2021 to till date)
- Council Member, The Institute of Chartered Accountants of Nepal (July 2000 to July 2003 and July 2018 to September 2021)





**नाम, थर** : मनोज प्रसाद पटेल

**ठेगाना**

स्थायी : राजदेवी नगरपालिका-९, रौतहट

अस्थायी : गौर नगरपालिका-४, रौतहट

## कार्यरत संस्था

**नाम** : वाग्मती तथा लालबकैया नदी नियन्त्रण आयोजना

**पद** : आयोजना प्रमुख

**ठेगाना** : परवानीपुर, बारा

## भारतमा अध्ययन गरेको विवरण

**शैक्षिक संस्थान** : Indian Institute of Technology–Roorkee (IIT) Roorkee, Uttarakhand

**तह** : Masters of Technology in Water Resource Development

**पूरा गरेको वर्ष** : सन् २०१८

## विभिन्न क्षेत्रमा गरिएका सेवाको विवरण

- विगत १२ वर्षदेखि जलस्रोत तथा सिँचाइ विभाग अन्तर्गतका विभिन्न कार्यालयहरूमा कार्यरत





**नाम, थर** : महेश्वर प्रकाश श्रेष्ठ
**ठेगाना**
स्थायी : त्यौड, काठमाडौं-२७, नेपाल

## कार्यरत संस्था

**नाम** : हिमालयन इन्फ्रास्ट्रक्चर फन्ड लिमिटेड
**पद** : प्रबन्ध निर्देशक
**ठेगाना** : लाजिम्पाट-२, काठमाडौं

## भारतमा अध्ययन गरेको विवरण

**शैक्षिक संस्थान** : The Institute of Chartered Accountants of India
**तह** : Chartered Accountants
**पूरा गरेको वर्ष** : सन् १९९७

## विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- हिमालयन बैंक लिमिटेड, १९९८ देखि २००३ सम्म
- राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, २००३ देखि २००७ सम्म
- नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, २००७ देखि २००९ सम्म





**नाम, थर : युत्सा भट्टराई**
**ठेगाना**
स्थायी : ललितपुर-१५, ललितपुर
अस्थायी : ठेचो, गोदावरी-१२, ललितपुर

### कार्यरत संस्था

**नाम** : नेपाल ल क्याम्पस
**पद** : उप-प्राध्यापक
**ठेगाना** : प्रदर्शनी मार्ग, पुतलीसडक

### भारतमा अध्ययन गरेको विवरण

**विश्वविद्यालयको नाम** : Pondicherry University, Chinna Kalapet, India
**तह** : Master of Arts in South Asian Studies
**पूरा गरेको वर्ष** : सन् २०१९

### विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- अधिवक्ता
- शिक्षक- National College of Development Studies (Human Rights)
- Legal Advisor (Ajambari Group of Pharmaceuticals)





**नाम, थर** : रणजीत कुमार झा
**ठेगाना**
स्थायी : गोडैता न.पा.-७, सर्लाही
अस्थायी : काँडाघारी, काठमाडौं

## कार्यरत संस्था

**नाम** : जलस्रोत तथा सिँचाइ विकास डिभिजन
**पद** : सिनीयर डिभिजनल इन्जिनियर (SDE)
**ठेगाना** : खाँदबारी, संखुवासभा

## भारतमा अध्ययन गरेको विवरण

**शैक्षिक संस्थान** : Indian Institute of Technology–Roorkee (IIT) Roorkee, Uttarakhand
**तह** : Master of Technology
**पूरा गरेको वर्ष** : सन् २०१४

## विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- Refugee Coordination Unit (UNHCR Project), Jhapa
- Suspension Bridge Assessment Project (Helvetas), Sudurpaschim Area
- Government Organization (continuing)





**नाम, थर** : रवि शाक्य
**ठेगाना**
स्थायी : शंखधर साख्वा मार्ग, ललितपुर

**कार्यरत संस्था**
**नाम** : जलस्रोत तथा सिँचाइ विभाग
**पद** : सिनीयर डिभिजनल इन्जिनियर
**ठेगाना** : जावलाखेल, ललितपुर

**भारतमा अध्ययन गरेको विवरण**
**शैक्षिक संस्थान** : Indian Institute of Technology–Roorkee (IIT) Roorkee, Uttarakhand
**तह** : Master of Technology in Hydrology
**पूरा गरेको वर्ष** : सन् २०१५

**विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण**

- सिँचाइ विभाग अन्तर्गत विभिन्न डिभिजन तथा सब-डिभिजन कार्यालयहरूमा सेवा गरेको
- जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग अन्तर्गतको कार्यालयमा कार्य गरेको
- जलस्रोत तथा सिँचाइ विभाग अन्तर्गतका कार्यालयहरूमा सेवा गरेको





**नाम, थर** : डा. राम प्रसाद पोखरेल
**ठेगाना**
स्थायी : बबरमहल, काठमाडौं-११

## कार्यरत संस्था

| | |
|---|---|
| **नाम** | : नेपाल नेत्र ज्योति संघ |
| **पद** | : अध्यक्ष |
| **ठेगाना** | : नेपाल आँखा अस्पताल, काठमाडौं |

## भारतमा अध्ययन गरेको विवरण

| | |
|---|---|
| **विश्वविद्यालयको नाम** | : लखनऊ विश्वविद्यालय, किङ जर्ज मेडिकल कलेज, भारत |
| **तह** | : एम.बि.बि.एस. |
| **पूरा गरेको वर्ष** | : विक्रम संवत २००७ |

## विभिन्न क्षेत्रमा गरिएका सेवाहरुको विवरण

- प्राध्यापक, काठमाडौं मेडिकल कलेज-आँखा विभाग
- अध्यक्ष, नेपाल नेत्र ज्योति संघ, काठमाडौं





**नाम, थर** : विशाल के.सी.

**ठेगाना**

स्थायी : कीर्तिपुर-६, काठमाडौं

## कार्यरत संस्था

**नाम** : भू तथा जलाधार व्यवस्थापन कार्यालय

**पद** : इन्जिनियर, अधिकृत स्तर (आठौं)

**ठेगाना** : ललितपुर महानगरपालिका -२३, हात्तिवन

## भारतमा अध्ययन गरेको विवरण

**शैक्षिक संस्थान** : Indian Institute of Technology–Roorkee (IIT) Roorkee, Uttarakhand

**तह** : Master of Technology in Irrigation Water Management

**पूरा गरेको वर्ष** : सन् २०२०

## विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- सरकारी सेवाको सिलसिलामा सिँचाइ विभाग अन्तर्गत विभिन्न जिल्लाहरू (कालीकोट, दैलेख, प्यूठान लगायतका) सिँचाइ सुविधा मार्फत् कृषि क्षेत्रमा उत्पादकत्व बढाउन कार्य सम्पादन गरेको
- भू तथा जलाधार व्यवस्थापन सम्बन्धमा खोज तथा अनुसन्धान तर्फ SWAGE Journal मा Article/ Paper Publish गरेको





**नाम, थर** : प्रा.डा. वैद्यनाथ महतो

**ठेगाना**

स्थायी : मिर्चैया न.पा.-२, सिराहा

अस्थायी : सूर्य विनायक न.पा.-३, भक्तपुर

## कार्यरत संस्था

**नाम** : प्रदेश कृषि विश्वविद्यालय

**पद** : उपकुलपति

**ठेगाना** : राजबिराज नगरपालिका-३, सप्तरी, नेपाल

## भारतमा अध्ययन गरेको विवरण

**शैक्षिक संस्थान** : भारतीय कृषि अनुसन्धान संस्थान (IARI) नयाँ दिल्ली, भारत

**विश्वविद्यालयको नाम** : नरेन्द्र देव कृषि विश्वविद्यालय

**ठेगाना** : फैजावाद, उत्तरप्रदेश, भारत


**तह** : विद्यावारिधि, एम.एस्सी.एजी., बि.एस्सी.एजी

**पूरा गरेको वर्ष** : सन् २०००, सन् १९८६, सन् १९८४

## विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- उपकुलपति, प्रदेश कृषि विश्वविद्यालय, राजबिराज, सप्तरी नेपाल
- माननीय सदस्य नीति तथा योजना आयोग, मधेश प्रदेश, जनकपुरधाम, नेपाल
- कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान, परिषद्, काठमाडौं, नेपाल
- मुख्य वैज्ञानिक (एस-६ बाली रोग) नेपाल कृषि अनुसन्धान परिषद्, काठमाडौं, नेपाल





**नाम, थर** : सुरेश कुमार वर्मा
**ठेगाना**
डिल्लीबजार, काठमाडौं-३३, नेपाल

### कार्यरत संस्था

कृषि क्षेत्रमा योजना मूल्याङ्कन तथा कार्यान्वयन एवं फलफूल तथा कृषि विकास कार्यक्रममा संलग्न

### भारतमा अध्ययन गरेको विवरण

**विश्वविद्यालयको नाम** : मोहनलाल सुखाडिया विश्वविद्यालय, राजस्थान
**तह** : स्नातकोत्तर कृषि विषय
**पूरा गरेको वर्ष** : सन् १९८५

### विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- कृषि–विज्ञान, नेपाल ट्रष्ट कार्यालय, काठमाडौं
- अनुसन्धान, नीति–निर्माण
- सचिव, कृषि मन्त्रालय, नेपाल सरकार





**नाम, थर** : संजय कुमार साह
**ठेगाना**
स्थायी : गौशाला नगरपालिका-५, महोत्तरी
अस्थायी : पेप्सीकोला, काठमाडौं

## कार्यरत संस्था

**नाम** : Khalti Private Limited
**पद** : Director
**ठेगाना** : जावलाखेल, ललितपुर

## भारतमा अध्ययन गरेको विवरण

**संस्थाको नाम** : The Institute of Chartered Accountants of India, New Delhi
**तह** : Chartered Accountant (FCA), DISA, MBF
**पूरा गरेको वर्ष** : सन् २००८

## विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- Worldlink Communications Limited (June 2017 to Present)
- Micromax Informatics Limited (June 2014 to February 2017)
- DLF Limited (April 2013 to June 2014)
- HCL Technologies Limited (September 2012 to April 2013)
- Lanco  Infratech Limited (October 2009 to September 2012)





**नाम, थर : संजीव दाहाल**

**ठेगाना**

स्थायी : बनेपा नगरपालिका-३, काभ्रेपलाञ्चोक

अस्थायी : घट्टेकुलो, काठमाडौं

## भारतमा अध्ययन गरेको विवरण

**शैक्षिक संस्थान** : Tata Institute of Social Sciences (TISS), Mumbai, India

**तह** : Masters in Social Work

**पूरा गरेको वर्ष** : सन् २०१०

## विभिन्न क्षेत्रमा गरिएका सेवाहरूको विवरण

- काठमाडौँका विभिन्न कलेजमा सामाजिक कार्य विषयको प्राध्यापन (२०१०-२०१२)
- थेम्स इन्टरनेशनल कलेजमा सह-निर्देशक (२०१२-२०१४)
- नेपाल अर्फन्स होम नामक अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थामा शिक्षा तथा समुदाय कार्यक्रम प्रमुख (२०१६)
- नेपाल अर्फन्स होम नामक अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको निर्देशक (२०१७)
- बालन्याय प्रणालीमा सामाजिक कार्य तथा सामाजिक कार्यकर्ताको भूमिका सम्बन्धी स्रोत व्यक्ति (२०१०-२०२२)





# कार्यक्रमका दृश्यहरु




NNB






नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप)
भारतीय शैक्षिक संस्थान/विश्वविद्यालयहरुबाट विभिन्न विषयमा स्वर्णपदक प्राप्त गरी
आफ्नो अध्ययन पश्चात् नेपालका विविध क्षेत्रमा लामो समयदेखि सेवामा रही
राष्ट्रका लागि महत्वपूर्ण योगदान पुर्‍याउनु हुने विशिष्ट व्यक्तिहरुको सम्मानमा
आयोजित












शैक्षिक संस्थान/विश्वविद्यालयहरुबाट विभिन्न विषयमा स्वर्णपदक प्राप्त
अध्ययन पश्चात् नेपालका विविध क्षेत्रमा लामो समयदेखि सेवामा रही
लागि महत्वपूर्ण योगदान पुऱ्याउनु हुने विशिष्ट व्यक्तिहरुको सम्मानमा




नीति अनुसन्धान
प्रतिष्ठान, नेपाल






नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप)
भारतीय शैक्षिक संस्थान/विश्वविद्यालयहरुबाट विभिन्न विषयमा स्वर्णपदक प्राप्त गरी
आफ्नो अध्ययन पश्चात् नेपालका विविध क्षेत्रमा लामो समयदेखि सेवामा रही
राष्ट्रका लागि महत्वपूर्ण योगदान पुऱ्याउनु हुने विशिष्ट व्यक्तिहरुको सम्मानमा
आयोजित


भारतीय शैक्षिक संस्थान/विश्वविद्यालयहरुबाट विभिन्न विषयमा
आफ्नो अध्ययन पश्चात् नेपालका विविध क्षेत्रमा लामो समयदेखि सेवामा रही
राष्ट्रका लागि महत्वपूर्ण योगदान पुऱ्याउनु हुने विशिष्ट व्यक्तिहरुको सम्मानमा
आयोजित
प्रतिभा सम्मान कार्यक्रम-२०७५




प्रतिभा सम्मान कार्यक्रम-२०७९
शुक्रवार, १३ जेष्ठ २०७९ (२७ मई २०२२
काठमाडौं, नेपाल





संरक्षक:

**डा. दीपक कुमार अधिकारी**

कार्यक्रम संयोजक:

**डा. दिपेश के.सी.**

## Organising team member of Second Felicitation Progam-2079

| | | | |
|---|---|---|---|
| 1 | Santosh Acharya | Administrative Officer, NeNAP | Member |
| 2 | Dr. Prem Raj Neupane | Assistant Professor, Buddhism Department of NSU | Member |
| 3 | Mohan Shrestha | Researcher, NeNAP | Member |
| 4 | Narayan Prasad Timsina | National Secretary and Organizing Secretary, Pashupati Vibhag of PVP, Nepal | Member |
| 5 | Alok Tiwari | General Secretary, GraFTii, Nepal | Member |
| 6 | Tirtha Raj Aryal | Chartered Accountant | Member |
| 7 | Dr . Ram Ekwal Singh | Associate Professor, Department of English Education, TU | Member |
| 8 | Sagar Shrestha | Principal, Janakpur Engineering College, Kupandol | Member |
| 9 | Rita Sharma | Treasurer, NeNAP | Member |
| 10 | Babu Raja Bajracharya | Officer, Nepal Bangladesh Bank | Member |
| 11 | Pankaj Karna | Managing Director, Preesha Engineering Services Pvt. Ltd. | Member |
| 12 | Nikesh Lamsal | Lawer, Chaitanya Legal Service & Research Centre | Member |
| 13 | Srijana Banskota | Business Development Manager, Asterisk Technology Pvt. Ltd. | Member |
| 14 | Shiva Prasad Tiwari | Researcher | Member |
| 15 | Basanta Tripathi | Management Counseling Officer, Ascent Counsultancy Service | Member |
| 16 | Dr. Birat Krishna Thapa | Research Scholar and Freelancer | Member |
| 17 | Pravesh Acharya | Chartered Accountant | Member |
| 18 | Dr. Binay Kumar Mishra | Coordinator, National College | Member |
| 19 | Dambar Bhatta | Instructor, NATHM | Member |
| 20 | Rajendra Kumar Bhattarai | Senior Scientist (Agronomist), NARC | Member |

| | | | |
|---|---|---|---|
| 21 | Dambar Bahadur Sunar | NeNAP, Member (PhD Scholar) | Member |
| 22 | Bimal Subedi | Director, Theatre Village Nepal | Member |
| 23 | Ram Chandra Shakya | Bussinesman | Member |
| 24 | Deependra Kumar Bhatta | Secretary, NeNAP | Member |
| 25 | Aashish Mani Lamichhane | Civil Engineer | Member |
| 26 | Kalpana Jha | Freelance Writer | Member |
| 27 | Chandra Kumari Tamang | Office Assistant, NeNAP | Volunteer |
| 28 | Rajshree Mishra | Typist | Volunteer |
| 29 | Prakriti Adhikari | Student | Volunteer |
| 30 | Falguna Bhattarai | Student | Volunteer |
| 31 | Shreya Bhattarai | Student | Volunteer |

नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप)
Neeti Anusandhan Pratishthan, Nepal (NeNAP)
पोष्ट बक्स नं.: १०२१७, सिनामंगल, काठमाडौँ-०९, नेपाल
फोन/फ्याक्स नं.:००९७७-१-४११०९२४, Email: nenapinresearch@gmail.com